जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक १०, २०७८ साल भाद्र ११ गते शुक्रबार, नेपाल संवत् ११४१ (August 27, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## प्रतिस्थापन विधेयकको तयारी

काठमाडौं । नव गठित नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीले निर्वाचन आयोगबाट मान्यता पाएसँगै सरकारले प्रतिस्थापन विधेयकको तयारी थालेको छ । अघिल्लो सरकारले ल्याएको अध्यादेश बजेटलाई परिमार्जन गर्न प्रतिस्थापन विधेयकको तयारी शुरु गरिएको हो ।

हिजो अर्थमन्त्रालयले अन्य मन्त्रालयका सचिवहरूको बैठक आयोजना गरी प्रतिस्थापन विधेयकका सम्बन्धमा सुझाव संकलन गरेको छ । बैठकमा अर्थमन्त्री जनार्दन शर्माले **बाँकी ८ पेजमा**

## नेपाली कामदारलाई इजरायलमा जागिर खुल्यो

काठमाडौं । वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकाली स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनोटका लागि आवेदन आह्वान गरेको छ । मंगलबार सूचना प्रकाशित गर्दै विभागले नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार आवेदन आह्वान गरेको हो ।

एक हजार जनाको लागि आवेदन आह्वान गरिएको छ । सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र **बाँकी ८ पेजमा**

# महालेखाले औंल्यायो बेरूजु र बेथितिको चाङ

**महालेखा प्रतिवेदन**

काठमाडौं । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनअनुसार दक्षिण एसियामा बंगलादेशपछि सबभन्दा भ्रष्ट मुलुकमा नेपाल पर्छ । हिंसाग्रस्त मुलुक अफगानिस्तानपछि दोस्रो गरिब देश हो नेपाल । हरेक नेपाली नागरिक ५८ हजार रुपैयाँको ऋणी छन् । नेपालमा वैदेशिक सहयोग कुल गार्हस्थ्य उत्पादनको दश प्रतिशतभन्दा बढी छ । ९३ प्रतिशत आयात र ७ प्रतिशत निर्यात छ वैदेशिक व्यापारको स्थिति । आयात निर्यात अनुपात १७.१ रुपैयाँको आयात हुँदा एक रुपैयाँको मात्र निर्यात भएको तथ्यांक छ । कमजोर आर्थिक वृद्धि उच्च वैदेशिक रोजगारी र भयावह व्यापारघाटालाई सरकारले कहिल्यै सम्बोधन गर्न सकेन । पूर्ववर्ती ओली सरकारले आफ्नै पेट्रोल खानी, पानीजहाज, घरघरमा पाइपलाइनबाट प्राकृतिक ग्यास, युरेनियम उत्पादनदेखि चुच्चे रेलसम्मका सपना जनतालाई देखायो । तर जनताको जनजीविकाको सवालमा समेत ध्यान दिन सकेन । बरु भ्रष्टाचार, बेरुजु र आर्थिक अनियमितताको चाङ थुपारेको वास्तविकता हालै महालेखाले सार्वजनिक गरेको प्रतिवेदनले देखाएको छ ।

महालेखाको वार्षिक प्रतिवेदनअनुसार कुल बेरुजु ४ खर्ब १८ अर्ब ८५ करोड र कारबाही गरी टुंगो लगाउनुपर्ने रकम २ खर्ब ५७ अर्ब ५६ करोड रुपैयाँ रहेको छ । बेरुजु र कारबाही गरी टुंगो लगाउनुपर्ने रकम एक वर्षमा ११ अर्ब ९७ करोड थपिएर ७६ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ । नियम विपरीत भएको कुल खर्च गत वर्षसम्म ६ खर्ब ६४ वर्ष ४ करोड रुपैयाँ थियो । विगतमा कानुन विपरीत भएका खर्च सरकारी निकायले फर्स्यौट नगर्दा कुल बेरुजु अंक बढी देखिएको हो । अर्कोतर्फ प्रदेश र स्थानीय तहले गर्ने कानुन विपरीतका खर्च पनि बढ्दो छ । २०७५ को प्रतिवेदनअनुसार स्थानीय तहको २४ अर्ब रुपैयाँ थियो । त्यसपछिको वर्ष ३८ अर्ब बेरुजु र आर्थिक वर्ष २०७६।७७ मा यस्तो रकम करिब ४१ अर्ब रुपैयाँ पुगेको छ । प्रदेश अन्तर्गतका सरकारी कार्यालयमा समेत




यस्तै अवस्था छ ।

२०७५ को प्रतिवेदनअनुसार १९ करोड रुपैयाँ मात्रै बेरुजु रहेको थियो । त्यसपछिको वर्ष ८ अर्ब २० करोड बेरुजु भयो । २०७६।७७ मा प्रदेशको बेरुजु ६ अर्ब ५० करोड रुपैयाँ छ । नियमसम्मत नभएको कुल सरकारी खर्च ६ खर्ब ७६ अर्ब ४१ करोड पुगे पनि बेरुजु अंक कम देखाउन महालेखा परीक्षकको कार्यालयले यो पूरै रकमलाई बेरुजु भन्दैन । लेखा परीक्षण बक्यौता, राजस्व बक्यौता, शोध भर्ना लिन बाँकी, वैदेशिक ऋण र जमानत बसिदिएको ऋणको भाखा नाघेको साँवा ब्याजलाई कारबाही गरी टुंगो लगाउनुपर्नेमा राखिन्छ ।

वर्षातको खर्च र रकमान्तरमा मनपरी विगत वर्षमा जस्तै आर्थिक वर्ष २०७६।७७ मा पनि अस्वाभाविक रुपमा ठूलो आकारको बजेट निर्माण, राजस्व प्राप्तिमा चतुर्‍याइ, वर्षान्तमा बढी खर्च र रकमान्तरमा मनपरी भएको प्रतिवेदनले देखाएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३ मा आर्थिक वर्ष समाप्त हुनुअगावै असार २५ गते खाताबन्दी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५ खर्ब ३२ अर्ब ९६ करोड बजेट विनियोजन भई ५० खर्ब ९१ अर्ब ९३ करोड (१९.२६) प्रतिशत खर्च भएको छ, प्रतिवेदनमा भनिएको छ । खर्चमध्ये असार २५ देखि ३१ सम्म एकै सातामा १ खर्ब ९ अर्ब ११ करोड (कुल खर्चको ११ प्रतिशत) खर्च भएको छ । यसकारण नियमावलीको व्यवस्था पालना गरी असार २५ पछि खर्च भुक्तानी गर्ने कार्य नियन्त्रण हुनुपर्छ भन्ने सुझाव महालेखाले दिएको छ ।

स्वीकृत बजेटभन्दा बढी ७ अर्ब १२ करोड ८ लाख रुपैयाँ खर्च भएको पनि प्रतिवेदनले देखाएको छ । राजस्व प्राप्ति बढी देखाउन अन्य शीर्षकको रकम समेत तोकिदिएको महालेखाको टिप्पणी छ । जबकि आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ मा राजस्व जम्मा गर्नुपर्ने व्यवस्था छ । तर अर्थमन्त्रालयले नेपाल दूर सञ्चार प्राधिकरणबाट १६ अर्ब, नेपा इन्टरमोडल यातायात विकास समितिबाट ५७ करोड, राष्ट्रिय परीक्षा बोर्डबाट ५० करोड र बूढीगण्डकी जलविद्युत आयोजनाबाट नेपाल सरकारले निकासा दिएको रकममध्येको ८ अर्ब ३२ करोड ४९ लाखलाई पनि राजस्व आम्दानी जनाएको छ' प्रतिवेदनमा भनिएको छ । त्यस्तो रकम राजस्वमा जम्मा गरेबाट राजस्व असुलीको आकार वृद्धि भएको छ । अर्थमन्त्रालयले राजस्व वृद्धि भएको देखाउन यस्तो उपाय गरेको प्रतिवेदनको निष्कर्ष छ ।

कानुनअनुसार विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने व्यवस्था भए पनि त्यसको उल्लंघन भएको प्रतिवेदनले औंल्याएको छ । न्याय परिषद् कानुन तथा संसदीय मन्त्रालय, लोकसेवा आयोग, संघीय संसद, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र निर्वाचन आयोगले मनपरी रकमान्तर गरेको प्रतिवेदनमा उल्लेख छ । यस वर्षको कुल बजेट १५ खर्ब ३२ अर्ब ९६ करोडमध्ये ३ खर्ब ३३ अर्ब ९७ करोड (२१.७) **बाँकी ८ पेजमा**

## साइबर स्यालको हुइँयाँमा विलिन मध्यपन्थ

काठमाडौं । एमालेभित्रका अध्ययनशील र तार्किक नेता मानिएका घनश्याम भुसालले केपी सरकारविरुद्ध आयोजित विशाल आमसभामा भाषण गर्दै 'अब ओलीसँग साइबर स्याल मात्र बाँकी रहेका छन् ।' भनेका थिए । उनको भाषणको क्लिप सामाजिक सञ्जालहरूमा निकै चर्चित बन्यो । अहिले तिनै घनश्याम भुसालले छोटो अवधिमै कोल्टे फर्दै उनी लगायत भीम रावलसहितका चर्चित मध्यपन्थी नेताहरू स्यालको हुइँयामा विलिन हुन पुगेका छन् ।

एउटा व्यक्तिले पार्टी रोज्नु, छोड्नु व्यक्तिगत अधिकारको कुरा भए तापनि हिजो उनीहरू जुन पात्र, प्रवृत्ति र चरित्रका विरुद्ध संघर्षमा उत्रिएका थिए । आज ती पात्रको चरित्रमा कुनै फेरबदल नआउँदै फेरि समाहित हुन पुग्नुलाई व्यक्तिगत स्वार्थलिप्साको पराकाष्ठ मान्नुपर्छ । एकीकृत समाजवादी पार्टी खोल्न पुगेका माधवकुमार नेपाललाई रावल, भुसाल, भट्टराई, आचार्य, शाक्य लगायतका **बाँकी ८ पेजमा**

## सीमा विवाद सुल्झाउन भएन पहल

काठमाडौं । हालै प्रकाशित महालेखा परीक्षकको ५८ औं प्रतिवेदनले भारतसँगको सीमासम्बन्धी वार्ता अगाडि नबढेको भन्दै परराष्ट्र मन्त्रालयलाई पहल लिन सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ- 'नेपाल भारत सीमासम्बन्धी कार्यको फिल्ड सर्भे टिमको बैठक हुन सकेको छैन । नेपाल भारत संयुक्त बाउन्ड्री वर्किङ ग्रुपको बैठक बस्न सकेको छैन । त्यसैगरी सबै अफिसियल्सको बैठक पनि हुन सकेको छैन ।

नेपाल र भारतबीचको सीमामा लामो समयदेखि रहेका विवाद र भविष्यमा आउन सक्ने विषयलाई हल गर्न नेपाल र भारतले सन् २०१४ मा बाउन्ड्री वर्किङ ग्रुप (बीडब्लुजी) गठन गरेका थिए । त्यसयता सन् २०१९ सम्म सो संयन्त्रको बैठक प्रत्येक वर्ष सञ्चालन भयो । देहरादुनमा छैठौं बैठक बसेयता भने अरु बैठक हुन सकेको छैन ।

बीडब्लुजीको मुख्य म्यान्डेटमा



सीमा स्तम्भ निर्माण, पुनर्स्थापना र मर्मत सम्भार रहेका छन् । त्यसैगरी दशगजा खाली गर्ने र व्यवस्थापन गर्ने, सीमास्तम्भको जीपीएस म्यापिङ गर्ने, सीमा क्षेत्रका बासिन्दाको यताउता भएका जमिनको विवरण संकलन गर्ने र सीमामा दैनिक आउने समस्या समाधान गर्ने पनि यसकै जिम्मेवारी हो ।

यो संयन्त्र मातहतमा स्थलगत रुपमै काम गर्ने सबै अफिसियल कमिटी र जोइन्ट फिल्ड सर्भे टिम रहेका छन् । तर बीडब्लुजीको बैठक बस्न नसक्दा स्थलगत काम गर्नुपर्ने संयन्त्रका बैठक समेत भएका छैनन् । नेपालले लिपुलेक, लिम्पियाधुरा सहितको नयाँ नक्सा जारी गरेपछि नेपाल भारतबीच सम्बन्ध चिसियो । पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको **बाँकी ८ पेजमा**

## रहेनन् जेबी टुहुरे

काठमाडौं । जनगायक जुठबहादुर खड्गी 'जेबी टुहुरे' को निधन भएको छ । टुहुरेको ७८ वर्षको उमेरमा बयोधा अस्पतालमा उपचारका क्रममा बिहीबार निधन भएको हो ।



भदौ १ गते कलंकीस्थित घरमा पक्षघात भएर लडेका उनलाई परिवारका सदस्यले तत्काल अस्पताल पुर्‍याएका थिए । उपचारमा संलग्न डा. रोहन झाका अनुसार अस्पताल पुर्‍याउँदा उनको मस्तिस्कमा रगत जम्नुका साथै हातखुट्टा चल्न छाडेको थियो ।

मुटु, फोक्सो, मधुमेह र उच्च रक्तचाप लगायतका दीर्घरोग भएका कारण शल्यक्रिया हुन नसक्दा उपचारका क्रममा उनको बिहीबार निधन भएको हो ।

जनसांस्कृतिक **बाँकी ८ पेजमा**

## जिल्ला सभापतिहरू रिले अनसनमा

काठमाडौं । क्रियाशील सदस्यता नामावली सार्वजनिक गर्न माग गर्दै कांग्रेसका जिल्ला सभापतिहरूले पार्टी कार्यालय सानेपामा रिले अनसन थालेका छन् । संस्थापन इतरका २५ भन्दा बढी जिल्ला सभापतिहरू सानेपामा यसअघि धर्नामा थिए भने अब रिले अनसन सुरु गरेका छन् । जिल्ला सभापतिहरूले पालो मिलाएर २४ घन्टे अनसन सुरु गरेको जानकारी दिएका छन् ।

अनसनमा नुवाकोटका सभपति जगदिश्वर नरसिंह केसी, काभ्रेका सभापति मधु आचार्य लगायत छन् । उनीहरूले तीनवटा माग राखेर धर्नामा बसेका हुन् । जसमा क्रियाशीलको सूची सार्वजनिक गर्नुपर्ने, निर्वाचन निर्देशिका संशोधन गरेर निर्वाचन प्रक्रियामा सबै जिल्लाका सभापतिका एकरुपता आउनुपर्ने लगायत रहेका छन् ।

जिल्ला सभापतिहरूको अनसनमा ऐक्यबद्धता जनाउन वरिष्ठ नेता रामचन्द्र पौडेलसहितको टोली सानेमा अनसनस्थल पुगेको छ । पार्टी महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह नेताहरू अर्जुननरसिंह कार्की शेखर कोइराला, बलबहादुर केसी पौडेलसँगै सानेपा पुगेका थिए ।

पञ्चायत, माओवादी शासन, मधेस आन्दोलन लगायत मुख्य राजनीतिक घटनाबाट अलिकति पनि विचलित नभएका नेता कार्यकर्ताहरूलाई पाखा लगाउने अहिले षड्यन्त्र भइरहेको छ । चर्को स्वरमा सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले भने **बाँकी ८ पेजमा**

## संगठन विस्तारमा माले





काठमाडौं । भरतपुर (नेकपा) माले चितवनले महानगर समिति बिघटन गरी नयाँ कमिटी पुनर्गठन गरेको छ । उक्त पुनगठित समितिको प्रमुख अतिथि पोलिटब्युरो सदस्य भगवती घिमिरे रहनुभएको थियो । अतिथिहरूमा वैकल्पिक पोलिटब्युरो सदस्यहरू सूर्य रेग्मी, पर्शुराम **बाँकी ८ पेजमा**

## नेपालले अफगानिस्तान मामिलामा भूमिका खेल्न सक्छ ?

**समय सन्दर्भ**

काठमाडौं । अफगानिस्तानमा तालिबानले सत्ता कब्जा गरेसँगै त्यसले क्षेत्रीय र स्थायित्वमा पार्न सक्ने असरबारे दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को अध्यक्ष मुलुक नेपालले यस क्षेत्रका मुलुकहरूसँग परामर्श थाल्नुपर्ने आवाज मुखरित हुन थालेको छ । विज्ञहरूले अफगानिस्तान अशान्त हुँदा यस क्षेत्रको सामाजिक, आर्थिक, आप्रवासन र सुरक्षा मामिलामा दूरगामी परिणाम पर्ने भन्दै सो समस्या सम्बोधन गर्न यस क्षेत्रका मुलुकहरूले सामूहिक पहल गर्नुपर्ने सुझाव दिएका छन् ।

सार्कको वर्तमान अध्यक्षको हिसाबले त्यसको पहल नेपालले लिनुपर्ने उनीहरूको राय छ । विश्वका प्रमुख शक्ति राष्ट्रहरू अफगानिस्तान मामिलामा परामर्शमा भए पनि सार्क सदस्य मुलुकहरूले खासै प्रतिक्रिया जनाएका छैनन् । अफगानिस्तान संकटबारे नेपालले पहल गर्नुपर्ने भन्दै पाँच पूर्व राजदूतले मंगलबार एक संयुक्त विज्ञप्ति प्रकाशित गरेपछि सो बहसले गति पक्रिएको छ । उनीहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो गम्भीर मोडमा सार्क




अध्यक्षको हैसियतमा नेपालले यस क्षेत्रमा स्थिरताको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ । हामी नेपाल सरकारलाई अफगानिस्तानको राजनीतिक घटनाक्रमले उत्पन्न चुनौतीलाई सम्बोधन गर्न तुरुन्तै सरोकारवाला देशहरूसँग वार्ताका लागि आवश्यक पहल गर्न आग्रह गर्दछौं ।'

पाँच पूर्व राजदूतहरू डा.सुरेश चालिसे, दीपकुमार उपाध्याय, हिरण्यलाल श्रेष्ठ, दुर्गेशमान सिंह र महेश मास्केले अफगानिस्तानमा तालिबानको राजनीतिक अग्रसरता सार्क सदस्य राष्ट्रहरूका लागि चासो र चिन्ताको विषय बनेको बताएका छन् । उनीहरू भारत, चीन, रसिया, बेलायत, अमेरिका र चीनका लागि पूर्व राजदूत हुन् जुन मुलुकहरू अफगानिस्तान मामिलाका प्रमुख सरोकारवालाहरू हुन् ।

एकथरी विश्लेषकहरू सार्कको हैसियतमा नेपालले अफगानिस्तानमा स्थायित्व र शान्ति कायम राख्न केही भूमिका खेल्न सक्ने बताउँछन् । तर, वर्तमान सार्कको अध्यक्ष नेपालले अन्य सदस्य मुलुक र सरोकारवाला भारत, चीन, रसिया, अमेरिका लगायत मुलुकहरूसँग कुनै पनि खालको संवाद गरेको छैन ।

अफगानिस्तान मामिलामा नेपालले १७ अगष्टमा एक प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो । सो विज्ञप्तिमा नेपालले अफगानिस्तानको घटनाक्रमलाई नजिकसँग नियालिरहेको बताउँदै त्यहाँ शान्ति र स्थायित्व हेर्न चाहेको प्रतिकिया दिएको थियो ।

नेपालको अहिलेको प्राथमिकता त्यहाँ रहेका नेपालीहरू उद्धार गर्ने रहेको छ । अफगानिस्तान सार्कको सबैभन्दा कान्छो सदस्य मुलुक हो । सन् २००७ मा भारतको दबाब र प्रस्तावमा अफगानिस्तानलाई सार्कको सदस्य बनाइएको थियो । नयाँ सरकार बनेपछि नयाँ परराष्ट्र मन्त्री नियुक्त नभएका कारण पनि यस विषयमा बहस भएको छैन ।

यस क्षेत्रमा आतंकवाद नियन्त्रण सार्कको एक महत्वपूर्ण उद्देश्य हो । लामो समयदेखि अफगानिस्तान आतंकवादी समूहको सुरक्षित स्थल बनिरहेको छ । तर अफगानिस्तान सार्कको **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाई
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## अस्थिरताको भुँवरीमा राजनीति

हाम्रो देशको दुर्भाग्य नै भन्नुपर्छ राजनीतिले कहिल्यै स्थिरता पाउन सकेन । सबै नीतिहरूको पनि नीतिका रूपमा रहेको राजनीतिले मुलुकका सम्पूण अवयव सञ्चालन गर्ने भएकाले विकासलाई गति दिन राजनीतिक स्थिरता अपरिहार्य रहेको हुन्छ । तर विडम्बना हाम्रो राजनीति कहिल्यै एउटा ट्र्याकमा हिंड्न सकेन । हाम्रा नेताहरूले कहिल्यै राजनेता बन्ने क्षमताको प्रदर्शन गर्न सकेनन् । सधैंभरि सत्ताका लागि लडाइँ, झगडा गरेर मुलुकलाई बर्बाद पार्ने दिशामा मात्र नेताहरूको ध्यान केन्द्रित हुनाले देश र जनताको हालत बेहाल बन्न पुग्यो । अहिले एमाले नेताहरूको नांगो नाच चरम उत्कर्षमा पुगेर पार्टी विभाजनको खेल टुंगोमा पुगेको छ । पुरानै शैलीमा सांसदहरूलाई होटलमा बन्धक बनाउने र खरिद बिक्री गर्ने क्रम अहिले पनि दोहोरियो । चन्द्रा गिरीको महँगो रिसोर्टमा समाजवादको रेखा खिच्ने नौटंकी गरियो । मुलुकका लागि निकम्मा सावित भए भनेर फालिएका केपी ओलीलाई माथ गर्ने गरी देउवाले चलिरहेको संसद हठात बन्द गरी सजिलै ढंगले पार्टी फुटाउन सक्ने अध्यादेश ल्याइदिए । यही अध्यादेश कार्यान्वयन गर्न माधव नेपाल र महन्थ ठाकुर नयाँ दल लिएर निर्वाचन आयोगमा सनाखतका लागि पुगिसकेका छन् । दुईतिहाई बहुमतको नेकपा सरकारको विकल्पमा उभिएको बहुरूपी देउवा सरकार पनि जनताको हित गर्नेभन्दा पनि आफ्नो र केही स्वार्थी समूहको स्वार्थ पूरा गर्ने औजार मात्र बन्न सक्ने संकेत यसको सुरूवाती कार्यशैलीले स्पष्ट पारिसकेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाको विगतको कार्यशैली सबैले राम्ररी देखिकेका छन् । नेपालको राजनीतिक इतिहासमा सबैभन्दा ठूलो अर्थात् जम्बो मन्त्रिमण्डल बनाएर देशको दोहन गर्ने इतिहास यिनै देउवाले बनाएका थिए । ठूलठूला भ्रष्टाचारका काण्ड गरेर अकुत सम्पत्ति आर्जन गरेका प्रधानमन्त्रीले आफ्नो सम्पत्तिको शुद्धता कुनै कसीमा घोटेर पुष्टि गर्न सक्दैनन् । बोली स्पष्ट नभए पनि साम, दाम, दण्ड भेदमा पारंगत देउवाको भेद नीतिले एमाले विभाजन सफल ढंगले सम्पन्न भएको छ । मुलुकमा सधैंभरि अस्थिरताको अवस्था सिर्जना गराएर मुलुक लुट्ने ब्वाँसारूपी नेताहरू को को हुन् भनेर जनताले अझै पहिचान गर्न सकेका छैनन् । जनताले भ्रष्ट नेताहरूको पहिचान गर्न सकेको भए सत्तामा सधैंभरि भ्रष्ट व्यक्तिहरूको हालीमुहाली चल्ने थिएन ।

जनताको बलिदान, संघर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्र भ्रष्ट नेताहरूले बाँदरका हातको नरिवल जस्तो बनाएका छन् । नेताहरूको कार्यशैली व्यक्तिवादी चिन्तन, भ्रष्ट मनोवृत्ति, राष्ट्रघाती चरित्रबाट वाक्क, दिक्क भएका जनता ठूलो विद्रोहको प्रतिक्षामा बसेका छन् । मुलुक भ्रष्टाचारको राप र तापमा सेकिएर पग्लिन थालेको छ । अर्बौंको बेरूजुको प्रतिवेदन महालेखाले बर्सेनि प्रस्तुत गरे पनि त्यसको चर्चा क्षणभरमै सेलाउँछ । त्यसका कारक तलको खोजी र बेरूजी फर्छौंटको उपाय सोचिँदैन । सरकारी संस्थान धराशायी बनिरहेका छन् । पहिला बेचिएका, निजीकरण गरिएका उद्योगधन्दाहरूको नतिजा नराम्रो भए पनि राज्यले फेरि आफैं चलाएर रोजगारी सिर्जना गर्नेतर्फ सोचेको छैन । युवाशक्तिलाई विदेशमा बेचेर रेमिट्यान्सबाट मुलुक चलाउने सोचमा कुनै सरकारले फेरबदल ल्याउन सकेन । राष्ट्रिय गौरवका योजना कछुवा गतिमा अघि बढेका छन् । सबैतिर भ्रष्टाचार छ । महामारीमा परेका जनतालाई राहत होइन, झन् आहत पुर्‍याइएको छ । औषधि खरिदमा सिभिल सर्भिसले मात्र होइन, सेनाले समेत भ्रष्टाचार गर्न बाँकी राखेन । के सबै छानबिन गर्ने साहस देउवा सरकारसँग छ । होइन भने सरकार भत्काउने, पार्टी फुटाउने जस्ता कुराहरू त नयाँ होइनन्, गिरिजाकालदेखि नै देखिँदै आएका हुन् । अब त केही नयाँ गरेर देखाउ सरकार ।

# आफनै खाल्डो खन्दै : संसदीय ब्यवस्था



**सुरेन्द्र ढकाल**



संसदीय व्यवस्थाको जग भनेको बहुलवाद (Pluralism) हो । जहाँ विरोधीहरूका कुरा सम्मानजनक रुपबाट सुनी त्यसलाई सकारात्मक रुपले लिई नतिजामूलक ढंगबाट व्यवस्थापन गरिन्छ । त्यहाँ प्रशंसकभन्दा आलोचकको मर्यादा हुन्छ । यही तत्वले दलभित्रको प्रजातन्त्र (Intra Party Democracy) र दलहरू बीचको प्रजातन्त्र (Inter Party Democracy) लाई बलियो बनाउँछ । यी दुबै बलियो हुँदा मात्र राष्ट्रिय प्रजातन्त्र (National Democracy) बलियो हुन्छ ।

नेपालमा राष्ट्रिय प्रजातन्त्रका लागि सात दशकदेखि लडेको भन्ने गौरव गर्ने नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीहरूभित्र माथि भनेको दुबै किसिमको प्रजातान्त्रिक चरित्र नहुँदा नेपालको संसदीय व्यवस्था भनिने राष्ट्रिय प्रजातन्त्रको बिचल्ली भएको छ । सबै दलभित्र संस्थापन पक्षले विपक्षलाई घाँटी निमोठ्ने परिपाटी र प्रवृत्तिको कारण दलहरूमा टुटफुट हुनु नेपालको राजनीतिक संस्कार नै बनेको छ । यसै कारण जनताले कुनै दललाई चुनावमा स्पष्ट बहुमत दिँदासमेत संस्थापन पक्षको सर्वसत्तावादी सामन्ती प्रवृत्तिको कारण देशले राजनीतिक अस्थायित्वको पीडा भोगिरहेको छ ।

राजनीतिक दलहरूमा टुटफुटको प्रवृत्ति विकास होला, त्यसको कारण राजनीतिक स्थायित्व नहोला र व्यवस्था नै संकटमा पर्ला भनेर संविधानसभाले बनाएको संविधानमा धारा ७६ (५) को व्यवस्था र दल विभाजन गर्नुपर्दा ४० प्रतिशतको संख्या रहने व्यवस्था गरेको हो ।

**हिजो केपी ओलीको सरकार र आजको शेरबहादुरको सरकार दुबैले पालैपालो संविधानमा भएको यस्तो व्यवस्थाको खिल्ली उडाउँदै अध्यादेश ल्याउनु अनि संविधानले निषेध गरेको कुरा गर्नुले संसदीय व्यवस्थालाई खाल्डोमा हाल्ने प्रपञ्च रच्ने महान शत्रुहरू यिनै र यिनका दलहरू हुन् भनेर जनताले बुझ्नुपर्ने बेला आएको छ ।**

हिजो केपी ओलीको सरकार र आजको शेरबहादुरको सरकार दुबैले पालैपालो संविधानमा भएको यस्तो व्यवस्थाको खिल्ली उडाउँदै अध्यादेश ल्याउनु अनि संविधानले निषेध गरेको कुरा गर्नुले संसदीय व्यवस्थालाई खाल्डोमा हाल्ने प्रपञ्च रच्ने महान शत्रुहरू यिनै र यिनका दलहरू हुन् भनेर जनताले बुझ्नुपर्ने बेला आएको छ ।

२०४७ को चुनावमा नेपाली जनताले '५ वर्ष शासन गर' भनेर कांग्रेसलाई सत्ताको साँचो दिएका थिए । त्यो जनादेश गिरिजाको सामन्तीपनाले थेग्न सकेन । त्यो नेपालको राजनीतिक संस्कार बन्दै गयो । आज त्यसैको कारण झण्डै दुईतिहाइको बहुमतको सरकारलाई पनि केपी ओलीको सामन्तीपनाले थेग्न नसकेको हो । राजालाई सामन्त भन्ने, निरंकुश भन्ने अनि राजाको सामन्ती र निरंकुश प्रवृत्ति आफूमा ग्रहण गर्ने नेताहरू भएपछि राष्ट्रिय प्रजातन्त्र खाडलमा पर्छ कि पर्दैन ? यसैको कारण हिजोसम्म जनता गणतन्त्रभन्दा त संवैधानिक राजतन्त्र नै ठीक हो भन्ने अवस्थामा आइपुगेका थिए भने अब त स्थिति झन् बिग्रेर बरु पंचायत नै ठीक थियो, पंचहरूले सरकारको ढुकुटीबाट तलब त लिँदैनथे । संघीयता, प्रजातन्त्र र गणतन्त्रलाई त देशको अर्थव्यवस्थाले धान्न नसक्ने रहेछ भन्न थालेका छन् ।

संघमा भएको टुटफुटको राजनीतिक रोग प्रदेशमा अनि त्यहाँ भएको त्यस्तै रोग स्थानीय सरकारसम्म पुग्नाले राजनीति विकृतिमय हुन पुगेको छ । बर्मामा त्यसै सैनिक आएको होइन रहेछ, तालीवानसँग अमेरिकाले त्यसै हार स्वीकार्न परेको होइन रहेछ, प्रजातन्त्र हाँक्नेले आफैं निरकुश र भ्रष्ट हुँदा त्यस्ता दिन बर्मेली र अफगानी जनताले देख्न परेको छ । अब नेपालीहरूले पनि त्यो दिन देख्न धेरै कुर्नु पर्ला जस्तो छैन किनभने नेपालमा प्रजातान्त्रिक नेताहरूमा निरंकुशता, भ्रष्टाचारी र राष्ट्रघाती प्रवृत्ति विकास हुँदैछ अनि संसदीय व्यवस्था यसै गरी आफ्नो खाल्डो आफैं खन्दैछ ।

# ओलीले लोड गरेको बन्दुक देउवाले पड्काउन थाले



**गोविन्द विक**

ओली प्रतिगमनकारी भए भनेर चर्को विरोध गर्ने शेरबहादुर देउवा ओलीको सिको गर्न थालेका छन् । ओलीले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउँदा उनीमाथि अहिलेका गठबन्धनमा खेमाका नेताहरू ओलीमाथि खनिएका थिए । दल विभाजन गर्ने संसद अपहरण गर्ने भन्ने आरोप ओलीमाथि निकै लागेको थियो । ओलीले गरेका सबै काममा प्रतिगमनको छाया देख्ने अहिलेको गठबन्धनका नेता देउवाले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउँदा सबै निदाइराखेका छन् । उनीहरूका आवाज कता दबिए पत्तो छैन ।

देउवाले भूमि आयोग विघटन गरेर बन्दुक पड्काउन सुरु गरेपछि नेकपा एमाले सरकारप्रति आक्रोसित बन्दैछ । कयौं विधेयकहरू अलपत्र पारेर अचानक संसद अधिवेशन गरी दल विभाजनसम्बन्धी अध्यादेश ल्याएर देउवाले अर्को राउन्ड बन्दुक पड्काइदिए । अध्यादेशबाट शासन गर्न सिकाउने श्रेय केपी शर्मा ओलीलाई नै जान्छ । ओलीले पनि संसद भत्काउँदै अध्यादेश ल्याउँदै शासन गर्ने औधी प्रयास गरेका थिए । गठबन्धनबाट बनेको देउवा सरकारले पनि ओलीकै सिको गरेर शासन सञ्चालनको अभ्यास गर्नु दुर्गतिको संकेत हो ।

सरकारमा आएपछि अघिल्लो सरकारले गरेका राजनीतिक नियुक्त बदर गर्ने आफ्नै तजविजिमा आफ्ना पोल्टाका मान्छे टिपेर राजनीतिक नियुक्तिको टिका लगाइदिने गलत राजनीतिक संस्कारको सुरुवात ओलीले नै गरेका हुन् । अघिल्लो देउवा सरकार नियुक्त गरेका प्रदेश प्रमुखहरूलाई ओली प्रधानमन्त्री भएपछि एकै पटक हटाइदिए । आफ्ना पकटका मान्छेहरूलाई प्रदेश प्रमुखमा धमाधम नियुक्ति दिए । देउवा सरकारले नियुक्ति दिएका राजदुतहरूलाई समेत ओली सरकारले विभिन्न कारण देखाइ फिर्ता बोलायो र आफ्ना नजिकका आसेपासेलाई राजदुतमा नियुक्ति दियो ।

यसरी गलत राजनीतिक संस्कारको नजिर स्थापित गरी सत्ताबाट ओली बाहिरिएपछि गठबन्धनको देउवा सरकारले ओलीकै सिको गरी ओलीले नियुक्ति दिएका प्रदेश प्रमुखहरूलाई धमाधम बरखास्त गर्दै आफ्ना गठबन्धन गुटका मान्छे नियुक्ति गरिरहेको छ ।

**ओलीले गठन गरेको भूमि आयोग पनि देउवाले भत्काए । यसरी ओलीकै सिको गरेर शासन चलाउन खोज्नु गलत अभ्यासको बन्दुक पड्काउने मार्गमा आफूलाई डोहोर्‍याउनुबाहेक केही होइन ।**

ओलीले गठन गरेको भूमि आयोग पनि देउवाले भत्काए । यसरी ओलीकै सिको गरेर शासन चलाउन खोज्नु गलत अभ्यासको बन्दुक पड्काउने मार्गमा आफूलाई डोहोर्‍याउनुबाहेक केही होइन ।

आफू सत्तामा पुगेपछि अघिल्लो सरकारले गरेका काम बदर गर्दै आफ्नै पोल्टाका मान्छेलाई राज्यका निकायमा आसिन गराउने परम्परा लोकतन्त्रमा सुहाएको छैन । ओलीले त पार्टी कार्यालय पनि बालुवाटारलाई नै बनाएका थिए । बालुवाटारमा सिसाको क्याबिनबाट पार्टीका स्थायी कमिटी पोलिटब्युरो बैठक ओलीले चलाउँदै आएका थिए । देउवाले यसलाई किन हो निरन्तरता दिएका छैनन ।



देउवाले पनि पार्टी कार्यालय बालुवाटारबाट नै चलाउँछन् भन्ने सबैको बुझाइ थियो । किनभने सबैले त्यही संस्कार देख्दै आएका थिए । बालुवाटारबाट पार्टी कार्यालय चलाउनेबाहेक अन्य काम ओलीकै अनुसरणबाट निरन्तरता दिएको प्रष्टै छ । ओलीले असंवैधानिक रुपमा आफूले भाषण गरेको बेला ताली बजाउनेहरूलाई टपक्क टिपेर मन्त्री बनाए थिए । उक्त कदम अदालतले असंवैधानिक ठहर गरेपछि ठूलो संख्यामा मन्त्रीहरू पद मुक्त भएपछि ५ जना मन्त्री लिएर ओलीले सत्ता चलाएका थिए । अहिले देउवाले त्यसै गर्दैछन् ।

माधव नेपाल पक्षलाई सरकारमा ल्याउने वहाना बनाएर मन्त्रिपरिषद विस्तारमा देउवाको विलम्ब उदेकलाग्दो देखिएको छ । ४ जना मन्त्री लिएर ओली पथमा नै देउवा अघि बढ्नु लज्जाजनक भएको छ । देउवाको चाहनाअनुसार जसपामा अपहेलित भएका महन्त ठाकुर र एमालेले उछिट्याइदिएको माधव नेपालहरू अध्यादेशअनुसार पार्टी दर्ताको प्रक्रियामा जुटिसकेका छन् । योसँगै महन्त ठाकुरको पार्टी पनि सरकारमा जाने भयो भने देउवालाई मन्त्रालयको भाग पुर्‍याउन निकै हम्मे पर्नेछ ।

विगतको नजिरलाई हेर्ने हो भने पनि सबैभन्दा धेरै जम्बो मन्त्रिपरिषद बनाउनेमा देउवा नै प्रथम भएका थिए । भलै अहिले २५ जनाभन्दा बढी मन्त्री बनाउन नमिल्ने संविधानमा नै व्यवस्था भएको हुनाले बढी मन्त्री बनाउने देउवाको सोच फेल खानेछ । असंवैधानिक मार्गबाट शासन हाँक्ने प्रयासमा आफूलाई केन्द्रीत गरेका एमालेका अध्यक्ष केपी शर्मा ओली अहिले बालुवाटारबाट बालकोटको बारदलीमा रमित हेरिरहेका छन् भने देउवाले पनि ओलीकै पथबाट सत्ता हाँक्ने प्रयास गरे भने बालुवाटारबाट बुढानीलकण्ठ निवासमा पुगेर रमित हेर्ने दिन नआउला भन्न सकिन्न । आफू मात्र ठिक अरु बसै बेठिक भन्ने राजनीतिक संस्कारको अन्त्य नभएसम्म जुनसुकै पार्टी सत्तामा गएपछि बेथिती र कुशासनको निरन्तरता क्रमशः अगाडि बढिरहन्छ ।

# मैले देखेको १७३ औं विश्व पर्यटकीय स्थल

# सिंगापुरको सेन्तोषा टापु

सुरेन्द्र ढकाल



सेन्तोषा टापु माथिबाट हेर्दा



टापुभित्रको हरियाली



टापुभित्रको फनपार्क




टापुको प्रवेशद्वार



टापुलाई जोड्ने केवलकार



टापुमा आएका पर्यटकहरु



टापुमा रहेका गगनचुम्बी होटलहरू

४ दिने अकलैण्ड बसाई सम्पन्न गरी १८ मार्चका दिन म पुनः सिडनी हुँदै सिंगापुर आइपुगेँ। त्यहाँ आइपुग्दा बिहानको ८ बजेको थियो। काठमाडौंतर्फको उडान बेलुका ५ बजेको हुँदा मसँग मनग्गे समय थियो। त्यहाँ विमानस्थल बुझ्दा ६ घण्टाभन्दा बढी ट्रान्जिटमा रहने यात्रुलाई एकदिने प्रवेश आज्ञा दिई सिंगापुर सहर घुमाउने प्याकेज कार्यक्रम छ भन्ने थाहा भयो सोअनुरुप विमानस्थलमा नै भीसा लिएर अरु मजस्तै यात्रुहरूसँग बसबाट सिंगापुर दृश्यावलोकन गर्नेतर्फ लागेँ। बसको गाइडले भनेअनुसार हामीलाई सेन्तोषा देखाउने कार्यक्रम भएको बताइयो।

**सेन्तोषा टापु**

सिंगापुरको दक्षिण किनारमा अवस्थित यो टापु सिंगापुरको मुख्य भूमिबाट अलग रहेछ र त्यहाँ पुग्न केप्पल हार्वर तर्नुपर्ने रहेछ। पहिले बेलायती सेनाहरूको सैनिक आधार शिविर र पछि जापानी युद्ध बन्दीहरूलाई राखेको यो टापु पछि गएर विश्व पर्यटनको केन्द्र बनेको रहेछ। वर्षको दुई करोडभन्दा बढी पर्यटकहरू पुग्ने यो टापुको सामुद्रिक तटीय क्षेत्रमात्रै दुई किलोमिटरको रहेछ।

म्याडम टुंसा, गोल्फ, पौडी, केवलकारको सफर, हरियाली अनि फनपार्कहरू, विशाल सिहंको मूर्ति, विश्व प्रसिद्ध होटल र त्यहाँ रहेका जुवाघर (क्यासिनो) आदि यस टापुका आकर्षणहरू रहेको हामीलाई जानकारी गराइयो। मलाया तथा पुर्तागाली भूगर्भविदले सन १६०४ तिर बनाएको नक्सामा यस टापुलाई पुलाउ वेलाकाङ माटी भनेर उल्लेख गरेको रहेछ। पछि गएर यस टापुको नाम सेन्तोषा राखिएको रहेछ जसको अर्थ मलाया भाषामा शान्त र सुनसान स्थल भनेर जनाउँदो रहेछ।

इतिहास खोतल्दै जाँदा यस ठाउँमा मलायाका स्थानीय जातिहरू बसोबास गरेका थिए रे। पछि सन् १९७० बाट सुरु भएको शहरीकरण र केप्पल हार्वर हुँदै सिंगापुरको मुख्य भूमिसँग जोडिएको कारण यस क्षेत्रको सामरिक महत्व बढ्न गई सन १८८० सम्म आइपुग्दा यहाँ थुप्रै किल्लाहरू निर्माण हुन पुगेको रहेछन्। जस्मा सिलोसो, सेरापोङ, कनौट र माउण्ट इम्बिहा जस्ता किल्लाहरू पर्दा रहेछन्। यी सबै किल्लाहरू युद्धकालमा सिंगापुरको सामरिक सुरक्षाका लागि बनाइएका रहेछन्।

दोस्रो विश्वयुद्धकालमा यो बेलायती सैनिक किल्लाको रुपमा प्रयोग भएको रहेछ। यहाँबाट जापान हान्न सामरिक दृष्टिकोणबाट सहज हुने भएकोले यहाँ बेलायतीहरूले थुप्रै तोप बन्दुक लगायतका हातहतियार तैनाथ गरेका थिए रे। सन १९४२ मा एलाएड फोर्स (जापान, जर्मनी र इटली) ले आत्मसमर्पण गरेपछि यहाँ जापानी युद्धबन्दीहरूलाई राखिएको थियो रे। पछि दोस्रो विश्वयुद्ध समाप्तिसँगै सिगापुर बेलायती शासनअन्तर्गत गएको र सन १९४७ मा पहिलो बेलायती सिंगापुर रेजिमेन्ट यहाँ आएर बसेको रहेछ। पछि यो रेजिमेन्टलाई हटाइ बेलायती गोर्खा रेजिमेन्टलाई यहाँ तैनाथ गरिएको रहेछ।

सन १९६० तिर इण्डोनेसियाले यस टापु माथि धावा बोल्दा बेलायती गोर्खा सैनिकले बोर्नियो टापुसम्म पुगेर यसलाई सुरक्षा दिएका रहेछन्। टापुलाई सुरक्षा दिएवापत एक गोर्खा सैनिक रामबहादुर लिम्बूले भिक्टोरिया क्रस पनि पाएका रहेछन र सन १९६६ मा गोर्खा बटालिएन त्यहाँबाट हटेपछि सेन्तोषा टापुको सुरक्षाको जिम्मा सिंगापुर सशस्त्र बललाई दिइएको रहेछ। अनि १९७१ बाट सिंगापुर सरकारले यस टापुलाई विश्व पर्यटन केन्द्र बनाउने १२४ मिलियन डलरको योजनासहित टापुको नाम सेन्तोषा राखी काम अघि बढाएको रहेछ। त्यसपछि पनि त्यस टापुको विकासको लागि निकै लगानी बढ्दै गई १९७४ मा आइपुग्दा माउण्ट फेवरसम्मको केवलकार सुविधा थपिएको रहेछ। तत्पश्चात बाक्स म्युजियम, म्युजिकल फाउन्टेन, अण्डरवाटर वर्ल्ड आदि जस्ता आकर्षणहरू थपिएका रहेछन्। पछि सन १९८२ मा मोनोरेल बनेपछि र १९९२ मा सिंगापुरको मुख्य भूमिलाई कजवे ब्रिज जोडेपछि सेन्तोषा त्यतिबेलाको रुपमा विकाश भएको रहेछ। ६ घण्टे सिंगापुरको घुमाइ सकेर एअरपोर्ट फर्की त्यसै दिन राति काठमाडौं आइपुगियो।


# बोर्डर म्यान अफ नेपाल सार्वजनिक

वरिष्ठ अधिवक्ता ९५ वर्षीय कृष्णप्रसाद भण्डारी, वरिष्ठ सञ्चारकर्मी ९२ वर्षीय भैरव रिसाल तथा विकास अभियन्ता ८७ वर्षीय बद्रीप्रसाद खतिवडाले संयुक्त रुपमा सीमा अध्येता बुद्धिनारायण श्रेष्ठद्वारा लिखित 'बोर्डर म्यान अफ नेपाल' सार्वजनिक गरेका छन्। पुस्तकमाथि वरिष्ठ सञ्चारकर्मी तथा समसामयिक लेखनकर्ता ध्रुवहरि अधिकारी र त्रि. वि. पूर्वप्राध्यापनकर्ता रामेश्वर प्रसाद बरालले टिप्पणी गरेका थिए।

पुस्तकका लेखक श्रेष्ठले भने- यस पुस्तकमा नेपालको सिमाना तथा अन्य देशहरू नाइजेरिया-बेनिन, उत्तर-दक्षिण कोरिया, जापान-दक्षिण कोरिया, क्यानडा-अमेरिका, भारत-पाकिस्तानका सीमावर्ती क्षेत्रगत अध्ययन गरेर हासिल गरेको अनुभव र त्यसबाट पाएको सीमा शिक्षा उल्लेख गरिएको छ। नेपालको सीमा मामिला विदेशीले पनि बुझुन् भन्ने उद्देश्यले नक्साको द्वन्द्व, चुच्चे नक्सा आदि अंग्रेजीमा लेखिएको कुरा जनाए।

नेपालको प्रसंगमा नेपालका हालसम्मका प्रधानमन्त्रीहरूमध्ये जंगबहादुर नै यस्ता प्रधानमन्त्री थिए, जसले बृटिशकालीन भारत सरकारलाई नेपालको सरहद मिचियो, फिर्ता गर भनी चिठी लेखेका थिए।

जंगबहादुरले ब्रिटिस रेजिडेन्ट जी ऱ्यामसेमार्फत भारत सरकार विदेश विभागका फोर्ट विलियमलाई ७ अप्रिल १८६२ मा रोष प्रकट गर्दै लेखेको चिठीमा 'गोरखपुरउत्तरको दुई देशको सहमतिमा गाडिई निकै वर्षसम्म रहेका जमुना गाउँबाट गुज्रेको सीमारेखाका लठ्ठाहरू अङ्ग्रेज सर्भेयरहरूले अचानक हटाएकाले करिब १६० बिगाहा नेपाली सरहदको जमिन मिचिएको छ।




यसबाट हामीलाई ब्रिटिस राजप्रति नराम्रो धारणा (इल फिलिङ) परेको छ' भन्ने कुरा उल्लेख गरिएको थियो।

ब्रिटिस रेजिडेन्ट मार्फत आएकोउनको चिठीको जवाफमा 'गभर्नर जनरलले यो निश्चित गरेका छन् कि राप्ती र मोहना नदीको गहिरो भागको सिमाना अङ्कन हुने गरी पक्की लठ्ठा नं. १३ देखि २२ र ९८ देखि १७१ खडा गरी जमिन पहिलेझैं राखिनेछन्' भन्ने उल्लेख गरिएको थियो। यसरी जंगबहादुरले अंग्रेजलाई लठ्ठा पुनः खडा गर्न बाध्य पारेजस्तै हामीले पनि प्रतिवाद गर्दै गयौं भने हराएका नासिएका जंगे सीमाखम्बा ठाउँका ठाउँ फेरि स्थापना हुनसक्छन् भन्ने विवरण पनि सुझावस्वरुप पुस्तकमा वर्णन गरिएका छन्।

भारत-पाकिस्तान अशान्त सीमा, भारत-बंगलादेश जमिन साटासाटले दिएको सन्देश, नेपाल-भारत-चीन त्रिदेशीय विन्दु, क्यानडा-अमेरिकाको खुला सीमा व्यवस्था, अमेरिकी तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाललाई भारत अन्तर्गतको भन्दा उनका सल्लाहकारले नेपाल स्वतन्त्र देश हो भनी सच्याउन लगाएको प्रसंग पनि पुस्तकमा उल्लेख गरिएको छ।

पुस्तकमा इलामको हिले भंज्याङका पेम्बा भोटियासमेतका ६ घरधुरीका नेपाली जनता २०५९ असार २४ गते 'राती सुत्दा नेपाली, भोलिपल्ट बिहान उठ्दा त भारतीय' भइरहेका रहेछन्। राती भारतीयले ७१/२२ नम्बरको नयाँ पुङ्को खम्बा गाड्नाले यस्तो भएको फिल्डगत अध्ययन विवरण उल्लेख गरिएको छ।

यस्तै, त्यसै क्षेत्रको सीमा स्तम्भ नं. ७१/१७ रहेको भारतीय एसएसबीले मिचेको जमिनको फोटो खिच्नलाग्दा नजिकैको क्याम्पमा रहेको एसएसबीको सेन्ट्री जवानले बन्दुक तेर्स्याउँदा आफू फालतोडेर नेपालतिरको चिया पसलभित्र पुगेको घटना पनि रोचक तरिकाले उल्लेख गरिएको छ।

सीमा अध्येता श्रेष्ठको यो १३ औं पुस्तक हो। नेपालको सिमाना नामक उनको ग्रन्थले मदन पुरस्कार जितेको थियो। कार्यक्रमको आयोजना वरिष्ठ अधिवक्ता भण्डारी अध्यक्ष रहनु भएको संस्था मानवअधिकार संरक्षण मञ्च (मासम) ले गरेको थियो। मञ्चले पुस्तकका लेखक श्रेष्ठलाई चाँदीले बनाएको चुच्चे नक्सासहितको कदरपत्र प्रदान गर्दै सम्मान गरिएको थियो।

नियात्रा

# वाराणसी सम्मेलनका अन्तर्गाथा-७

✍ - रामप्रसाद पन्त


सोच्दै छु, चराहरू पनि मानिसजस्तै जोडी जोडी भएरै बस्छन् तर बिजोडको सङ्ख्या किन छ त्यहाँ ? मेरो विवेक बोल्दै थियो– सायद एउटा विधुर वा विधवा होला ! ढुकुर र परेवाजोडीको प्रेम त उदाहरणीय नै हुन्छ। त्यसैमा पनि ढुकुर चरी त एउटा विम्ब नै हो, एउटाको अभावमा अर्काले आत्महत्या नै गर्छ। हुनसक्छ, भँगेराको त्यस्तो नहोस्।

हामी धर्मशालाबाट बाहिर निस्कियौं। ठेलाहरू आए। हामीले गह्रौं झोलाहरू चाङ लगाउँदै गयौं ठेलामाथि। त्यो देखेर अगाडिको चिया पसलेले मलाई बोलाएर भन्यो– हिजोको छयालीस कप चियाको पैसा कसले दिन्छ ? सोचेको थिएँ, बस्ने खाने रु १००।- + १००।- का दरले सम्पूर्ण पैसा हाम्रै संस्थाले तिरेपछि कार्यक्रमा खाएको खाजा र चिया खर्च त धर्मशाला वा धर्मशाला सञ्चालक समितिका अध्यक्षबाट भुक्तान गरिनुपर्ने हो। तर गलत सोच रहेछ मेरो।

मैले पसलेको कुरा यात्राका अर्थमन्त्री मोहन दुवालजीलाई सुनाएँ। उहाँले तिरिदिनुभयो। कताकता मेरो सोच पलायो, 'नानीभन्दा आची ठूलो' उखान चरितार्थ त गरेनौं हामीले ? उपलब्धि खोई त ? लाखौं खर्च गरेर झन्डै तीन दर्जनको हुल नेपालबाट बनारस पुगेर त्यत्रो सम्मेलन गरेपछि त्यहाँका संस्थाहरूको उल्लेख्य योगदान वा सहयोग खोई त ? पन्ध्र सय घर भएका पचास हजार नेपालीभाषी भएको बनारसको गरिमामय उपस्थिति खोई त ? यो सबै देखेर मनमनै एकल निर्णय गरें मैले – आयन्दा यस्ता कार्यक्रमहरू गर्दा निश्चित मापदण्ड अपनाउनुपर्छ।यसबाट पाठ सिकेर संस्थाले यसबारेमा विषय निर्णय गर्नैपर्छ।

अब भने हामी धर्मशाला व्यवस्थापक काशी अधिकारीलाई धन्यवाद दिएर बिदा भयौं र लुरुलुरु ठेलागाडाको पछिपछि लाग्यौं। हिंड्दाहिंड्दै देखें– पाँच/छ फिट फराकिलो गल्लीमा उभिएको पाँच/छ तले रङ्गरोगनविहीन तिनै पुराना घरहरू। काठमाडौं असनका घरहरूको भन्दा नाजुक थियो ती घरहरूको स्थिति। आगलागि भए वा ठूलै भूकम्प गए के होला ? मैले कल्पना पनि गर्न सकिनँ त्यस अवस्थाको स्थिति।

हामी निस्कियौं त्यही मैदागिन




चोकमा र अटोहरूबाट बसस्टेशन।

नौ बजे नै पुगेका थियौं हामी चौधरी चरण सिंह बस स्टेशनमा। हामी वाराणसी गएकै बस खडा थियो आफ्नो लाइनमा। सिट कस्तो होला ? कस्तोमा परिने होला ? अगाडि होला कि पछाडि होला ?भन्ने द्विविधा भएन। त्यस कारण लाइनमुक्त भएर सबैभन्दा पछाडि चढ्यौं– रोचक घिमिरे, निनु चापागाईं र म।

तर परिस्थिति फरक भएछ। अस्तिको बसयात्रामा सहभागी नभएकी लक्ष्मी उप्रेतीको उपस्थितिले सिटमा फेरबदल गर्नुपर्ने अवस्था आएछ। अस्वस्थताको कारण देखाएर उप्रेती बसिछन् दोस्रो लाइनको पहिलो सिटमा। पहिलो लाइनमा बसेका दुवाल दम्पती सरेछन् दोस्रो लाइनमा। दोस्रो लाइनमा मसँगै बसेका निनु सरेर अगाडि पुगेछन् लक्ष्मी बसेको सिटमा। म परेँछु फाल्तु।

म फाल्तु भएर त केही बिग्रेको थिएन तर चेतनाथले महिलासँगै महिला बसाउने सोच बनाएर निनुलाई अलिपछाडिको सिटमा बस्न जब अनुरोध गरे, त्यसपछि पो मच्चियो काण्ड। निनुले आफू अपमानित भएको महसुस गरेर झोलै लिएर निस्कने पो सुर कसे। त्यो समस्या सुल्झाउन पछिल्तिर बसेका मातृकाजी उठेरै अगाडि जानुपऱ्यो र मात्र समस्या समाधान भयो।

अब रह्यो मेरो कुरा।

बस व्यवस्थाको सम्पूर्ण जिम्मेवारी लिएका दुवालजीलाई मैले प्रश्न गरेँ – कहाँ छ महासचिवज्यू मेरो सिट ? उहाँले बताउनुभयो– अन्तिमबाट दोस्रो सिट, जुन सिटको झ्यालतिर जिङ्ग्रिङ्ग कपाल पालेको खैरे बसेको थियो, देख्दै घिनलाग्दो। पछिल्तिर भएर त केही थिएन तर त्यस्तो झ्यापुल्लेसँग कसरी बस्ने ? संस्थाभन्दा बाहिरको भए त तर्क पनि गर्थें हुँला ! तर यहाँ त आफै आयोजक ! को सँग प्रश्न गर्ने र आफ्नो ठाउँ निर्धारित गर्ने ? तर्कसर्क गर्ने कुरा भएन। लुँडोको चालजस्तै मुखबाट एक्कासि पुच्छारमा पुगेँ र त्यही कुहिरेसँग कुहिनो जोडेर बसेँ। सम्झें, काठमाडौंबाट यसैगरी हिंड्दा उमेरको सिनियारिटी देखाएर मातृकाजीले मलाई ससम्मान दोस्रो सिटमा राखेर आफू पछाडि बस्नुभएको थियो। अहिले भने उहाँको पनि बोल्ने ठाउँ थिएन, आफै हुनुहुन्थ्यो अर्कोतर्फको त्यसै लाइनमा। बस चल्यो पन्ध्र मिनेट ढिलो गरेर काठमाडौंतर्फ।

### आइपिएल लगायतका खेलहरूमा सट्टाबाजी गर्ने ११ जना पक्राउ

काठमाडौं। भारतमा संचालन भइरहेको इन्डियन प्रिमियर लिग (आइपिएल) लगायतका खेलहरूमा सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ११ जनालाई काठमाडौंका विभिन्न स्थानबाट आइतबार प्रहरीले पक्राउ गरेको छ। उनीहरूबाट सट्टाबाजीमा प्रयोग गरेका १७ थान मोबाइल, नगद २ लाख ९६ हजार रुपैयाँ, डायरी, बेटिङमा हिसाब किताबको लागि प्रयोग भएको कागजातहरू समेत बरामद भएको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं बनस्थली बस्ने कैलाली धनगढी नगरपालिका-२ घर भएका ३१ वर्षीय अशोक सिंह, काठमाडौं ठमेल बस्ने भारत बिहार घर भएका २९ वर्षीय बिक्रम कुमार जैसवाल, रौतहट गौर नगरपालिका-१ घर भएका २८ वर्षीय राहुल कुमार जैसवाल, काभ्रेपलाञ्चोक चौरीदेउराली गाउँपालिका-८ घर भएका ३६ वर्षीय राजु थापा, धादिङ गल्छी गाउँपालिका-२ घर भएका ३१ वर्षीय सन्तोष खतिवडा, लितपुर महानरगपालिका जावलाखेल बस्ने भारत बिहार घर भएका ३१ वर्षीय अंकित कुमार कलवार, काठमाडौं कालिमाटी बस्ने मोरङ विराटनगर महानगरपालिका-३ घर भएका ३० वर्षीय संदिप कुमार मंडल, काठमाडौं महानगरपालिका-२३ बस्ने भारत हिमान्चल प्रदेश घर भएका ४६ वर्षीय सुशील जेस्टा, काठमाडौं लाजिम्पाट बस्ने भारत राजस्थान सुजनगढ थाना घर भएका ३१ वर्षीय पवन कुमार शर्मा, भारत राजसथान घर भएका ३० वर्षीय सुचित अग्रवाल र काठमाडौं जमल बस्ने भारत बिहार घर भएका ४० वर्षीय मुकेश जैसवाल रहेका छन्।

भारतमा संचालन भइरहेको आइपिएल तथा प्रिमियर लिग फुटबल, लालिगा, सेरि ए लिग, युईएफए च्याम्पियन लिग लगायतका खेलहरूमा सट्टाबाजी भइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले विभिन्न स्थानबाट अनलाइन बेटिङ गरिरहेको अवस्थामा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूले भारत लगायत अन्य मुलुक समेतबाट सट्टेबाजी गर्नको लागि युजर आइडी र पासवर्ड लिई कमिसनमा खेल खेलाउने, ग्राहकहरू खोज्ने, हार जित भएका व्यक्तिहरूको रकम लिने-पुर्याजई दिने जस्ता कार्य गर्ने गरेको खुल्न आएको छ।

सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। धनुषा, जनकपुर उपमहानगरपालिका-८ रामान्नद चोकस्थित सडकमा ना.४ ख ८०६१ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६८ वर्षीया बेचनी देवी मण्डलको सोमबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। बस चालकलाई प्रहरीले पक्राउ गरेको छ। *(क्रमशः)*

आधा आकाश

# लैंगिक अल्पसंख्यक, समाज र कानुन

● मानुर जोनायरा



प्रकृतिले आफूले सृष्टि गरेको चराचर जगतका हरेक प्राणीमा बौद्धिकता, सुन्दरता, चेतना र क्षमता लगायतका हरेक खुबीहरूले भरिपूर्ण बनाइदिएको छ। कतिपय मानिसहरूले त्यही खुबीको पहिचान गरेर संसारमा ठूलो मान, प्रतिष्ठा र ख्याति कमाउँछन, संसार जित्ने कोसिस गर्छन् भने कतिपयले आफूलाई चिन्न नसक्दा आफ्नो क्षमताको पहिचान गर्न नसक्दा विलीन भएर पतन हुन्छन्। अत्यन्त कम व्यक्तिले प्राप्त गर्ने अत्यन्तै दुर्लभ गुण प्रकृतिले मलाई पनि ठूलो उपहारको रूपमा दिएको छ, यसलाई म प्राकृतिक र दैविक वरदान पनि भन्छु। यही क्षमता, रुप, गुण र फरक स्वभाव खुबीले नै मलाई लाखौंमा एक बनायो। यही नै मेरो पहिचान र परिचयको कारक बन्यो।

म यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको एक सदस्य हुँ। राज्यले मलाई तेस्रोलिंगी भनेर छुट्टै स्थान पनि दिएको छ। म अत्यन्तै गर्वित हुन्छु किनकि मेरो पहिचान मेरो लागि कोहिनूर हीराझैं अनमोल र चम्किलो छ। यो ब्रह्माण्ड एउटा विशाल बगैंचा हो। बगैंचा सुन्दर तबमात्र हुन्छ जब यहाँ थरीथरीका रङ्गीबिरङ्गी फूलहरू एकआपसमा हाँसीहाँसी झुलिझुली फुल्छन् र सुवास छर्दछन। त्यही फूलहरूमध्ये म पनि यो जगतको एउटा सुन्दर फूल हुँ। म महिलापुरुष भन्दा फरक स्वभाव, पहिचान, रुप र गुण भएको एक मानव हुँ। मलाई कसैकसैले तेस्रोलिंगी, यौनिक तथा लैंगिक अल्पसंख्यक, किन्नर, अर्धनारी भन्नुहुन्छ भने कसैकसैले क्रोधित भएर छक्का, हिंजडा भन्छन्।

म जन्मँदा एक पुरुष बालकको रूपमा थिएँ। हुर्कदै बढ्दै जाँदा ममा महिलाको स्वभाव विकास हुनथाल्यो। म मेरो आत्माभित्र सधैंभरी सुन्दर महिलाको आकृति धड्किएको महसुस गर्न थालें अनि आफूलाई सुन्दर महिला बनाउने निरन्तर कोसिस गर्न थाले।

बाल्यकालमा मेरो बालमस्तिष्कमा जुन किसिमको रहर र चाहनाहरूको जग बस्यो। मैले त्यसैलाई नै विकास र निर्माणमा परिणत गरें र सुन्दर महिला बन्ने आकांक्षालाई पूरा गरेँ। मेरा लागि यो कायापलट केही हदसम्म कष्टकर पनि रह्यो, कायापलटपछिको यो निमोचन कुरिज अति महत्वपूर्ण पनि बन्यो।

स्वभाविकै हो हरेकलाई आफ्नो जीवन सुन्दर र प्रिय लाग्छ। मलाई पनि आफ्नो जीवन र आफूले बुनेका रहरहरू उत्तिकै प्रिय लाग्छ। म यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण व्यक्तिगत जीवनमा निकै खुसी र सन्तुष्ट छु। म आफ्नो जीवनलाई लिएर निकै उत्साहित पनि छु। म निकै रहर बुन्ने मान्छे हुँ र ती रहरहरूलाई सार्थक तुल्याउन संघर्ष गर्न सक्ने क्षमता पनि ममा प्रचुर मात्रामा छ, संघर्षरत छु पनि। मेरो मतलब रहरहरू मेरा निम्ति प्राण हुन। आत्माभित्र रहरहरू जीवित रहुन्जेल म पनि मर्दिन भन्नेमा मेरो आत्मविश्वास बोल्छ।

मेरो आत्मा, तन, मन, जीवनशैली जति सुन्दर र पवित्र छ यो समाज मलाई उत्ति नै कुरुप, कुलक्षण, अभिशाप वा दैवदुर्विपाकको रुपमा लिन्छ। मेरो फरक रुपरंग, गुण, स्वभाव र रुचि यो समाजलाई अपाच्य छ। यही कारण समाजमा म कोपभागी जस्तै बनेको छु। कतिपय ठाउँमा म हास्यव्यंगको पात्र पनि बन्छु त कहिलेकाहीं दया, माया र करुणाको पात्र बन्छु। मैले प्रेम, सम्मान, इज्जत, हौसला, प्रोत्साहन अत्यन्तै न्युन मात्रामा पाएको छु। मलाई कुनै न कुनै हिसाबले व्यक्तिको नजरहरूमा दुर्व्यवहारमा परेको महसुस हुन्छ। व्यक्तिको प्रत्येक व्यवहारमा, उसको नजर, निमेषमा मैले दुर्व्यवहार र विभेद राम्रोसँग नियालेको छु।

म यो कुराको राम्रोसँग अवगत गराउन चाहन्छु कि म नपढेको मानिसभन्दा ज्यादा पढेलेखेका, बुज्रुक, एउटा राम्रो पृष्ठभुमि र प्रभुत्व भएको उच्च ओहोदामा रहेर काम गर्ने व्यक्ति वा परिवारहरूबाट ज्यादा दुर्व्यवहार, हिंसा र उत्पीडनमा परेको हुन्छु। म समाजका सबै व्यक्तिहरूलाई दोषग्राही बनाउन बिल्कुलै चाहन्न। हाम्रो समाजमा सकारात्मक सोच भएका अनि धार्मिक आस्था भएका केही महान व्यक्तिहरू पनि हुनुहुन्छ। उहाँहरूले हामीलाई निकै प्रोत्साहित पनि गर्नुहुन्छ। हामीलाई अर्धनारिश्वरको रूपमा मान्नुहुन्छ। भगवान शिवजीको प्रतीकको रूपमा पुजेर हाम्रो पाउहरूमा गन्धाक्षत गर्नुहुन्छ। हामीहरूसँग आफ्ना विभिन्न मनोकामनाहरू पूरा होस भनेर आशीर्वाद लिनुहुन्छ र हाम्रो पाउहरूलाई पवित्र चरणकमलझैं मानी ढोगवेद गरी केही दानदक्षिणा र उपहार पनि दिनुहुन्छ। हामीलाई ब्रम्हा देवताको आशीर्वाद प्राप्त भएको हुन्छ। रेशम जस्ता तेस्रोलिंगीले दिएको आशीर्वाद र श्राप दुबै लाग्छ भन्ने उहाँहरूको धार्मिक विश्वास रहेको पाएको छु। म ती धार्मिक श्रद्धालु व्यक्तिहरूको मप्रतिको प्रेम, सम्मान र भक्तिभाव देखेर नतमस्तक हुन्छु। उहाँहरूको मनोकामना पूरा होस् भनेर ईश्वरसँग प्रार्थना पनि गरिदिन्छु। कतिपय ठाउँमा त मैले थुकेको थुकलाई समेत ब्रम्हाबिन्दु झैं पवित्र मानिएको छ।

नेपालको संविधान २०७२ ले एउटा कुरालाई निकै ठोसपूर्ण तरिकाले व्याख्या गरेको छ। त्यसमा भनिएको छ कि कुनै पनी जात, धर्म, वर्ण वा लिंगको आधारमा नेपाली जनतालाई अन्याय गरिने छैन। त्यहाँ विभेदरहित समाजको परिकल्पना गरिएको छ, जसले कानुनको, नीतिनियमको उल्लंघन गर्दछ त्यो कानुनको नजरमा दण्डनीय हुन्छ, तर नेपालमा कानुन र संविधानले उल्लेख गरेअनुसार कहाँ भएको छ र ? यहाँ कानुनका पहरेदारहरूले नै कानुन मिचेका छन् र मर्यादा उल्लंघन गरेका छन्, अल्पसंख्यक समुदायले सधैंभरी आफूलाई असुरक्षित महसुस गरिरहेको हुन्छ। यस्तो अवस्थामा हामीले राज्यको तर्फबाट एउटैमात्र कुराको चाहना राखेका हुन्छौं त्यो हो सुरक्षा र सहभागिता। तर अपशोच, हामीले त्यो पाइरहेका छैनौं। एउटा महिला वा पुरुषमाथि भएको घटनाको विषयजस्तो होइन। कुनै तेस्रोलिंगीले आफूमाथि कुनै किसिमको हिंसा वा अपराध भयो भने त्यसलाई उसले खुलेर बोल्न सक्ने हिम्मत राख्न सक्दैन। हिम्मत राख्यो र उजुरी गर्न प्रहरी कार्यालयमा पुगियो भने पनि प्रहरीले हाम्रो पीडालाई गम्भीरतापूर्वक लिँदैन र उजुरी समेत दर्ता गरिँदैन। आरोप लागेको व्यक्तिलाई समेत उपस्थित गराएर छलफल गराइँदैन। अब उजुरीको दर्ता गर्नु, घटनाको अनुसन्धान र तहकिकात गर्नु, अभियोजन गराउनु र न्यायनिरुपणको कुरा त दिवासपना जस्तै हो हाम्रो लागि।

अल्पसंख्यक समुदायलाई प्राथमिकतामा राखिनुपर्ने हो, तर राज्य, प्रहरी प्रशासन लगायत न्यायालयले समेत हामीमाथि लापरबाही र गैरजिम्मेवारीपूर्ण कामहरू गरेको देखिएको छ। कुनै पनि व्यक्तिले आफूमाथि भएको कुनै किसिमको घटनाहरूको सम्बन्धमा लिखित उजुरी गर्न पाउनुपर्छ। राज्यले हरेक नागरिकलाई आफूमाथि भएको हरेक घटनाको सम्बन्धमा लिखित उजुरी गर्ने अधिकार प्रदान गरेको छ। राज्यले आफ्ना नागरिकलाई प्रदान गरेको हरेक अधिकारको सम्मान पनि हुनुपर्छ। घटनाको सम्बन्ध उजुरी गर्नु होसियार नागरिकको दायित्व पनि हो। अल्पसंख्यक समुदायको उजुरी पनि प्रहरीले लिनुपर्छ। घटनाको प्रकृतिअनुसार कानुनी प्रक्रियामा पनि जानुपर्छ। म विगत पाँच वर्षदेखि यही कुरा बुझिरहेको छु कि त्यस्तो प्रहरी कमै होलान् जो हामीजस्तो यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको शान्तिसुरक्षा र हितको लागि काम गरेको होस्। सकभर अल्पसंख्यक समुदायको उजुरी नै प्रहरी लिन चाहँदैनन।

प्रहरीहरू हाम्रो अवस्थाप्रति संवेदनशील हुँदैनन्। हामीलाई ज्यादै झुलाउँछन्। अनुसन्धानमा निकै लापरबाही गर्छन्। अदालत प्रवेश गर्ने हदम्याद गुजारिदिन्छन। उजुरीकर्तालाई नै गर्जनतर्जनका साथ गालीगलौज गरी तिक्तता पोख्ने गर्छन्। हामीलाई कोपभागी बनाउँछन। हामीमाथि मनोविकार पोख्छन् र दुर्वचनले घोच्छन्। केसलाई रफादफा गराउने कोसिस गर्छन्। कतैकतै त पारितोषिकको प्रलोभनमा समेत पर्ने गरेको देखिएको छ। बडो मुस्किलले हाम्रा मुद्दाहरू न्यायालयमा पुग्छ तर इन्साफ पाउने मौका त्यहाँ पनि निकै न्यून हुदोरहेछ। यी कुराहरू लेखेर मैले राज्य र नेपाल प्रहरीमाथि मनोमालिन्य वा कुनै किसिमको इवीअदावत सिर्जना गर्न खोजेको होइन तर हाम्रो समुदायप्रति प्रहरी प्रशासन निकै गैरजिम्मेवार र लापरवाह गर्दछ।

# कोभिड-१९ उत्पत्तिबारे उचित खोजी आवश्यक



**विष्णु भट्टराई**

अगस्त १२ तारिखमा डेनमार्कको एक टेलिभिजनमा प्रसारित 'भाइरस मिस्ट्री' नाम गरेको डकुमेन्ट्रीले व्यापक चर्चा पायो। डकुमेन्ट्रीमा खाद्यसुरक्षा तथा जनावरबाट मानिसमा सर्ने रोगका विज्ञ डा। पिटर बेन इबारेकको भनाइ समावेश गरिएको थियो। भाइरसको उत्पत्तिको रहस्य पत्ता लगाउन विश्व स्वास्थ्य संगठनको अगुवाइमा यो वर्षको सुरुमा चीन भ्रमणमा सहभागी रहेका इबारेकले अध्ययनको नतिजा सन्तुलित नभएको बताएका छन्। विश्व स्वास्थ्य संगठनका उच्च अधिकारी समेत रहेका उनले भाइरस उत्पत्तिका विषयमा बलियो प्रमाण जुटाउन अध्ययन टोलीमा सहभागी चिनियाँ सदस्यले इन्कार गरेको बताए।

मार्चमा उक्त टोलीले सार्वजनिक गरेको एक प्रतिवेदनमा प्रयोगशालाबाट दुर्घटनावश भाइरस निस्केको विषय 'असम्भाव्य' रहेको उल्लेख गरेको थियो। उनले थप अध्ययन आवश्यक नरहेको देखाउन चीनले वस्तुस्थितिको मूल्यांकन गर्न न्यूनतम अवसर दिएको पनि बताए। उनले अनुसन्धानका लागि संकलन गरिएका चमेराका नमुनाबाट र जंगली चमेरासँग भएका मानिसका अन्य संसर्गका कारण भाइरस सरेको हुन सक्ने बताए। त्यसो त, उक्त संयुक्त अध्ययन टोलीमा विभिन्न समस्या थिए।

विश्व स्वास्थ्य संगठनका एक स्रोतले यो विषय चीनसँग भएको 'सम्झौता र लापरवाही'सँग जेलिएको बताएका छन्। संगठनका महानिर्देशक ट्रेडोस अथानोम घेब्रेससले समेत अनुसन्धानका पद्धतिप्रति असन्तोष व्यक्त गरेका थिए। उनले प्रयोगशालाबाट भाइरस बारिएको तर्कलाई किनारा लगाइएको तर्क गर्दै यो विषयमा थप अध्ययन आवश्यक रहेको बताएका थिए। चीनको वुहानबाट डेढ वर्षअघि सुरु भएको महामारीका लागि जिम्मेवार मानिएको रोगको भाइरस कसरी मानिसमा सर्यो र विश्वभर फैलियो भन्ने विषयमा व्यापक अन्तर्राष्ट्रिय अनुसन्धान हुन सकेको छैन।

नियमितभन्दा बढी भएका मृत्यु र अन्य सूचकांकको समेत हिसाब गरेर इकोनोमिस्टले गरेको एक प्रक्षेपणका अनुसार यो भाइरसका कारण विश्वमा ९० देखि एक करोड ८० लाख मानिसको मृत्यु भएको देखिएको छ। मृतकका आफन्तजनलाई यो भाइरस कसरी उत्पत्ति भयो भनेर एकातिर जिज्ञासा छ भने अर्कोतिर उत्पत्तिको रहस्य पत्ता लगाउँदा अगामी दिनमा हुन सक्ने महामारीलाई रोक्न उपयुक्त रणनीति अवलम्बन गर्न सहज हुन्छ। यी दुवै प्रश्नको उत्तरका लागि चीनले कन्जुस्याइँ गरेको छ र आत्म पराजयको दिशामा चीन उन्मुख देखिन्छ।जति सत्यलाई लुकाइएको मानिन्छ, यो विषय झन् रहस्यमय बन्छ।

सन् २०२० को अप्रिलमा अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले यो विषयमा अन्तर्राष्ट्रिय सोधखोज हुनुपर्ने बताएका थिए। त्यसको एक महिनामा विश्व स्वास्थ्य संगठनको नीति निर्माण गर्ने निकाय-वर्ल्ड हेल्थ एसेम्ब्लीले यो महामारीको उत्पत्तिका बारेमा अध्ययन गर्ने प्रस्ताव औपचारिक रूपमा गरेको थियो। तर अस्ट्रेलियाली प्रधानमन्त्रीको टिप्पणीप्रति कडा प्रतिक्रिया दिएको चीनले यो अध्ययन चीन र अन्य राष्ट्रका वैज्ञानिकले संयुक्त रूपमा गर्न माग गरेको थियो। यसैगरी उक्त वैज्ञानिक अध्ययन गर्दा पहिल्यै लक्षित गरिएका उद्देश्य पूरा गर्न र सम्बन्धित प्रमाणको फोरेन्सिक अध्ययनभन्दा यो अध्ययन 'वैज्ञानिक र संयुक्त स्थलगत भ्रमण'का आधारमा हुनुपर्ने तर्क चीनले अगाडि सारेको थियो।अध्ययनका कार्यसूची तय गर्दा बन्द कोठामा छलफल भएका





कारण चीनले यो अध्ययनलाई आफ्नो अनुकूल बनाएको थियो।अध्ययन अन्तर्गत चीनले यसअघि नै गरेका अध्ययनको नतिजाको समीक्षा गर्ने र नयाँ तथ्यांकको खोजीमा कम ध्यान दिने व्यवस्था गरिएको थियो।

वुहानमा रहेको भाइरस प्रयोगशालाका बारेमा अध्ययन गर्ने कार्यलाई कार्यसूचीमा राखिएको थिएन। धेरै खटपटपछि अन्ततः अन्तर्राष्ट्रिय टोली यही वर्षको जनवरीमा चीन पुगेको थियो। चीनमा सबैभन्दा पहिला रिपोर्ट भएका केस र सन् २०१९ डिसेम्बरमा रेकर्ड भएका केसको विषयलाई लिएर पनि विवाद भएको थियो। चीनले कुल एक सय ७४ भाइरसका केस अध्ययन टोलीलाई उपलब्ध गराएको थियो तर यो रिपोर्टसँग सम्बन्धित तथ्यांक उपलब्ध गराएको थिएन। पछि विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा। टेड्रोसले चीनसँग तथ्यांकमा पहुँच उपलब्ध गराउन अनुरोध नै गर्नुपरेको थियो। व्यक्तिको गोपनीयताको अधिकार भनेर चीन सरकारले ती तथ्यांक उपलब्ध गराउन इन्कार गरेको थियो। जब कि नाम उल्लेख नगरी यी तथ्यांक उपलब्ध गराउन सकिने थियो। उक्त टोलीलाई जानिजानी गुमराहमा राख्ने प्रयास भएको थियो।


उदाहरणका लागि जीवित जंगली जनावरको व्यापार हुने हुनान सिफुड तथा वाइल्डलाइफ मार्केटलाई लिन सकिन्छ।अध्ययन टोलीले आफ्नो प्रतिवेदनमा सन् २०१९ मा उक्त बजारमा जीवित जंगली जनावरको व्यापार भएको प्रमाण फेला नपरेको उल्लेख गरेको छ, जब कि उक्त बजारमा त्यस्ता जनावरका व्यापार हुने गरेको हालै प्रकाशित एक वैज्ञानिक अध्ययनमा प्रत्यक्षदर्शीले बताएका छन्। साइन्टिफिक रिपोटर्समा प्रकाशित उक्त अध्ययनका अनुसार, २०१७ मेदेखि २०१९ नोभेम्बरसम्म १८ जीवित जनावरको बेचबिखन भएको थियो। यीमध्ये एकतिहाइ जनावरमा गोली लागेका घाउ र पकड्दाका चोटपटकले के प्रस्ट पारेको थियो भने यी जनावर जंगलबाट ल्याइएको थियो।यो प्रतिवेदन सन् २०२० को अक्टोबरमा प्रकाशनका लागि उपलब्ध गराइए पनि हालै मात्र यसको प्रकाशन गरिएको थियो।कोभिड-१९ सम्बन्धी सबै अनुसन्धान प्रकाशन हुनुअघि चीन सरकारले समीक्षा गर्ने व्यवस्था चीनको कानुनले गरेको छ।

उक्त बजार जंगली भाइरसलाई मानिसको सम्पर्कमा ल्याउने माध्यम बनेको हुन सक्छ। यसैगरी उक्त सहरको वरपर कतै नभेटिने जंगली चमेराको एक प्रजातिसम्बन्धी अध्ययन वुहानका दुई प्रयोगशालामा भएको देखिएको थियो। चमेराका उक्त प्रजातिमा कोभिड- १९ सँग मिल्ने खाले भाइरस भेटिएको थियो।संयुक्त अध्ययन टोलीलाई यी प्रयोगशालामा अवलम्बन गरिने सुरक्षा व्यवस्थाबारे जानकारी गराइएको थियो, तर चमेरासम्बन्धी गरिएको अध्ययनको प्रक्रिया र प्रतिवेदनका बारेमा केही बताइएको थिएन।

अध्ययन टोली वुहानबाट फर्केपछि प्रतिवेदन वैज्ञानिक भएकाले यसबारे फरक मत आउन सक्ने र नतिजामा चिनियाँ र अन्य विज्ञबीच सहमति हुन आवश्यक नभएको बताइएको थियो।तर विश्व स्वास्थ्य संगठनको स्रोत अनुसार एक संयुक्त प्रतिवेदन जारी गर्ने टोलीको ध्येय थियो। प्रतिवेदनमा प्रयोगशालाबाट भाइरस बाहिरिएको हुन सक्ने सम्भावना अत्यन्त न्यून रहेको र यस विषयमा थप अध्ययन आवश्यक नरहेको भनेर उल्लेख गरिएकामा डा। टेड्रोसले असन्तुष्टि व्यक्त गरेका थिए।

गत मे २६ मा अमेरिकाका राष्ट्रपति जो बाइडेनले ९० दिनभित्र भाइरसको उत्पत्तिको विषयमा अध्ययन गरेर प्रतिवेदन बुझाउन अमेरिकी जासुस एजेन्सीलाई निर्देशन दिएका छन्। यही अगस्ट २४ सम्म उक्त प्रतिवेदन बुझाउन उनले भनेका छन्। गत जुनमा जी-७ समूहको बैठकमा पनि समूहका अन्य नेताले यो विषयमा वैज्ञानिक र पारदर्शी अध्ययन हुनुपर्ने बताएका थिए।गत जुलाई १६ मा डा। टेड्रोसले वुहानमा थप अध्ययन गर्ने योजना रहेको बताएका थिए।अध्ययनको कार्यसूचीमा जंगली जनावरका किनबेच हुने बजार, भाइरसका यसअघिका केसको अध्ययन र स्थानीय प्रयोगशालाको अडिट समावेश गरिएको छ।

तर यो विषयमा थप अध्ययन गर्ने प्रस्तावप्रति चीन सरकारले रोष व्यक्त गरेको छ। चीनको नेसनल हेल्थ कमिसनका उपमन्त्री जेङ यिछिनले प्रयोगशालाबाट भाइरस बाहिरिएको तर्क गलत रहेको दाबी गरेका छन्। उनले यस विषयमा थप अध्ययन गर्न अनुमति दिन असम्भव रहेको बताए। चीनको अंग्रेजी दैनिक ग्लोबल टाइम्सका अनुसार विश्वका ५५ देशले थप अध्ययन गर्ने प्रस्तावप्रति लिखित असहमति जनाएका छन्। चीनले आवश्यक सहयोग नगरेको अवस्थामा अध्ययनका लागि चाहिने तथ्यांक संकलन गर्न कठिन हुने देखिएको छ। भाइरसको जेनेटिक सिक्वेन्सका तथ्यांक यो विषयमा






महत्वपूर्ण पक्ष रहेको छ भने औपचारिक रूपमा भनिएको समयभन्दा अगावै भाइरस फैलिएको केसबारे अध्ययन अर्को महत्वपूर्ण पाटो हो।

ड्रास्टिक नाम गरेको अनलाइन ओपन सोर्स इन्टिलेजेन्स ग्रुपले वुहानको इन्स्टिच्युट अफ भाइरोलीका गतिविधि र भाइरसको जेनेटिक सिक्वेन्सका तथ्यांकका बारेमा निगरानी गरेको बताएको छ। उक्त ग्रुपका डाटा वैज्ञानिक गिल्स डेमानुफले अमेरिकाका खुफिया एजेन्सीले चीनको सिक्वेसिङ मेसिनबाट थप डाटा उपलब्ध संकलन गर्न सक्ने बताएका छन्। यस्ता तथ्यांक उपलब्ध हुन सके प्रयोगशालाबाट भाइरस लिक भए वा नभएको विषयमा थप जानकारी उपलब्ध हुने उनी तर्क गर्छन्।

संयुक्त अध्ययन टोलीलाई चीनले उपलब्ध गराएको तथ्यांकका अनुसार सन् २०१९ को डिसेम्बरअगावै भाइरसको प्रसारण भएको प्रमाण छैनन्। तर त्यो सही नभएको देखिएको छ। विभिन्न प्रमाणले औपचारिक रूपमा भनिएको मितिभन्दा धेरैअघि भाइरसको फैलावट भएको देखाएका छन्। भाइरसको यो फैलावट चीनमा मात्र सीमित नभएको र चीनको हुवाई प्रान्तबाट अन्यत्र भाइरस निर्यात भएको हुन सक्ने देखिएको छ।

सन् २०१९ को नोभेम्बरमा फ्रान्समा नौ हजार एक सय ४४ प्रौढको रगतको नमुना अध्ययन गरिएको थियो। यीमध्ये सात जनामा कोभिड- १९ विरुद्धको एन्टिबडी बनेको देखिएको थियो।यसैगरी सन् २०१९ को सेप्टेम्बरमा इटालीमा फोक्सोको क्यान्सरसम्बन्धी गरिएको एक स्क्रिनिङ ट्रायलले कोभिड- १९ को एन्टिबडी विकास भएको देखाएको छ।अर्को एक अध्ययनले त्यही समयमा इटलीका उत्तरी क्षेत्रमा भाइरसको प्रसारण भएको देखाएको छ।यो क्षेत्रमा वुहानको गार्मेन्ट उद्योगका उत्पादनको व्यापार हुने गर्छ। यही क्षेत्रमा सन् २०२० को मार्चदेखि महामारी सुरु भएको थियो।

अगस्ट ६ मा ल्यान्सेन्टमा प्रकाशित एक अध्ययन अनुसार, सन् २०१९ को दोस्रो ६ महिना गरिएका अध्ययनले केही नमुनामा कोभिड-१९ को जेनिटिक सिक्वेन्स देखाएको छ। फिलाडेल्फियामा रहेका टेम्पल युनिभर्सिटीका सुधीर कुमारले ल्यान्सेटको अध्ययनबाट थप नमुना लिएर अध्ययन गर्न आवश्यक देखिएको बताएका छन्।इटालीको उत्तरी क्षेत्रमा गरिएको उक्त भाइरसको आनुवंशिक अध्ययनले भाइरसको प्रसारण गमीयाममै भइसकेको हुन सक्नेतर्फ संकेत गरेको दाबी सुधीर कुमारको छ। विश्व स्वास्थ्य संगठनकी इमर्जिङ रोग विशेषज्ञ मारिया भान केरकोभ अमेरिका, फ्रान्स,इटाली र स्पेनमा सबैभन्दा पहिले देखिएका भाइरस नमुनाको अध्ययनले यो विषयमा थप प्रकाश पार्ने तर्क गर्छिन्। प्रयोगशालाबाट भाइरस बाहिएिको तर्कलाई चीनले अस्वीकार गरे पनि यो विषयमा थप अध्ययन आवश्यक देखिएको छ।

*(इकोनोमिस्टबाट)*

## सलाम एयरबाट राष्ट्रिय क्रिकेट टीम ओमान प्रस्थान

**खेल जगत**

काठमाडौं। अन्तर्राष्ट्रिय क्रिकेट संघ (आइसीसी) को आयोजनामा ओमानमा सुरु हुन गइरहेको खेलमा सहभागिताका लागि नेपालको राष्ट्रिय क्रिकेट टिम सलाम एयरमार्फत ओमान प्रस्थान गरेको छ।

१७ खेलाडी तथा ५ खेल पदाधिकारीहरूसहित कुल २२ जनाको टीमलाई सलाम एयरको नेपालस्थित जीएसएआइएमई ट्राभलका संचालक एवम् आइएमई ग्रुपका प्रवन्ध निर्देशक हेमराज ढकालले सम्मानसहित बिदाई गर्नुभएको थियो।



आईसीसी सीडब्लुसी लिग २ अन्तर्गत नेपाल, ओमान र अमेरिकाबीच ट्राई-सिरिजका लागि नेपाली राष्ट्रिय टीमका खेलाडीहरू सलाम एयरमार्फत ओमानतर्फ प्रस्थान गरेका हुन्।

बिदाई कार्यक्रमलाई सम्बोधन गर्दै आइएमई ग्रुपका प्रवन्ध निर्देशक हेमराज ढकालले अन्तर्राष्ट्रिय सिरिजका ३२ खेलमध्ये यो विदेशमा खेलिने पहिलो खेल भएको उल्लेख गर्दै यसै प्रतियोगिताबाट विजयीको शुरुवात हुने विश्वास व्यक्त गर्नुभयो।

नेपाली क्रिकेट टिमको खेल प्रदर्शनले सबैलाई आशावादी बनाएको उल्लेख गर्दै ढकालले क्रिकेटले नेपालको पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण भूमिका खेल्ने धारणा राख्नुभयो। नेपाली राष्ट्रिय क्रिकेट टीमका प्रवन्धक विनोद दासले नेपालको एक उदीयमान व्यापारिक समूह आइएमई ग्रुप र अन्तर्राष्ट्रिय उडानमा ख्याती कमाउँदै आएको सलाम एयरको यो सहयोगले आफू र आफ्नो टीमलाई हौसला प्रदान गरेको बताउनुभयो।

आइएमई ट्राभलका प्रमुख कार्यकारी अधिकृत विनोद सापकोटाले राष्ट्रकै गौरवका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्ने राष्ट्रिय टीमसँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताउँदै भविष्यमा समेत यस्तै सहकार्य गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नुभयो।

## जुनियर बक्सिङमा नेपालको वर्चस्व

काठमाडौं। दुबईमा सञ्चालन भइरहेको एएसबीसी जुनियर तथा युथ ब्वायज एन्ड गर्ल्स बक्सिङ च्याम्पियनसिपमा नेपाललाई तीनपदक पक्का भएको छ।

जुनियर ५४ केजी तौल समूहको क्वाटरफाइनलमा कुवेतका प्रतिद्वन्द्वी मोहमद्लाई पराजित गर्दै नेपालका मुक्केवाज छिरिङ वांदी शेर्पाले तीन राउन्डमै आफ्नो वर्चश्व कायम गर्दै ५-० को जित निकाल्दै पदक पक्का गरेको हो। अब छिरिङले फाइनल प्रवेशका लागि काजस्तानका अडाल्बेक नियाज्बासँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै छन्। यसअघि दुई महिला मुक्केवाज स्वस्तिका तिरुवाले र नारीका राईले पनि क्रमशः ५२ किलो तथा ५७ किलो तौल समूहअन्तर्गत नेपाललाई कास्यपदक पक्का गरिसकेका छन्। यसरी ६ जना सहभागी मुक्केबाजमध्ये हालसम्म ३ कास्य पक्का गरी सकेको छ। नेपालले पदकको आशा गरेका अर्का युवा मुक्केबाज इन्द्रबहादुर सुनार इरानी प्रतिद्वन्द्वीसँग पराजित हुँदै बाहिरिए।

७१ किलो तौलमा नेपालका सुदेन गिरी आफ्नो तौलका विश्व वरियतामा अगाडि रहेका मुक्केबाजसँग आरएससीको आधारमा पराजित भएका थिए। अर्का युवा मुक्केबाज सुलभ माली सोमबार ५४ केजी तौल समूहमा इरानी प्रतिद्वन्द्वी अलियस्घसँग पहिलो राउन्डमै पराजित भए। २० अगस्तदेखि सुरु भएको च्याम्पियनसिप ३१ अगस्टसम्म सञ्चालन हुनेछ।

प्रेरक

## गुरु नानकको आशिर्वाद

गुरुनानक एउटा गाउँमा पुगे। त्यस गाउँका गाउँलेहरूले गुरु नानकको ठूलो स्वागत गरे। गाउँलेहरू गुरुनानकको सामिप्यमा आफूहरूलाई पाउँदा धेरै खुसी भए। उनीहरूले धैर्यताका साथ गुरु नानकको प्रवचन सुने। गुरु नानक सबै कार्यक्रम सिध्याएर फर्किन लागे। गाउँलेहरूले गुरु नानकसँग जानुअघि गाउँलाई आशिर्वाद दिन आग्रह गरे। नानकले भने- तिमीहरूको गाउँ उजाड होस्, तिमीहरू चारैतिर छरिनु परोस्। नानकको यस्तो अनौठो आशिर्वाद सुनेर गाउँलेहरू तीनछक्क परे।

गुरु नानक अर्को गाउँमा आइपुगे। त्यहाँ उनको त्यस्तो विशिष्ट स्वागत भएन। गाउँलेहरूले नानकको त्यति खातिरदारी पनि गरेनन्। नानकले त्यहाँ पनि धार्मिक प्रवचन दिए। उनले प्रवचन दिइरहँदा गाउँलेहरू सलबलाइरहेका हुन्थे। कति आफ्नै तालमा कुराकानी गरिरहेका देखिन्थे। प्रवचनप्रति धेरैको ध्यान देखिँदैनथ्यो। जे भए पनि नानकले प्रवचन सके र अर्को गन्तव्यका लागि हिँड्ने तयारी गर्न थाले। यस्तैमा केही सज्जन गाउँलेहरूले गुरुलाई गाउँबासीलाई आशिर्वाद दिन आग्रह गरे। गुरु नानकले आफ्नो आशिर्वादमा भने तिमीहरूको गाउँ सदा स्थायी बनोस्। तिमीहरूले यो गाउँ कहिल्यै छोड्नु नपरोस्। यति भन्दै नानक गाउँलेहरूबाट बिदा भए।

बाटोमा उनका साथमा हिँडेका शिष्यहरूमध्ये एकले सोधे- गुरु तपाईंले दिएको आशिर्वादको अर्थ बुझिएन नि जहाँका गाउँले तपाईंको भव्य स्वागत गरेका थिए। तिनीहरूको गाउँलाई उजाड होस् भनेर श्राप दिनुभयो, जुन गाउँमा तपाईंलाई महत्व नै दिएनन्, त्यस गाउँको भने स्थायीको कामना गर्नुभयो। शिष्यको जिज्ञासा मेटाउँदै गुरु नानकले सुझाए- हेर पहिलो गाउँका गाउँलेहरू सज्जन छन्। सज्जन जहाँ जहाँ पुग्छ त्यो ठाउँ पनि सज्जनहरूको बन्छ। सज्जन एक ठाउँमा बस्न हुँदैन। त्यसैले मैले उनीहरू सबैतिर छरिउन् भनेको हो। दोस्रो गाउँका गाउँलेहरू दुर्जन छन्। उनीहरू छरिए भने दुर्जनहरू बढ्छन्। त्यसैले उनीहरू त्यहीँ बसुन् भन्ने मेरो चाहना हो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिले खर्च बढाउनेछ। आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। अरुको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। व्यवसायमा लगानी बढाउनुपरे पनि उधारोमा व्यापार हुनेछ। फाइदाका लागि केही तय गर्नुपर्ने हुन सक्छ। अवसरवादीहरूबाट सजग रहनुहोला। खर्च लागे पनि यात्रा गर्ने अवसर जुट्न सक्छ।

### वृष

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनेछ, प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले दैनिकीमा पनि परिवर्तन आउन सक्छ।

### मिथुन

तारिफयोग्य कामले चर्चामा ल्याउन सकिनेछ। प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छन्। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। सोखले थलिएको काम व्यवसायमा रुपान्तरित हुनेछ। मेहनतीहरूलाई कार्यसिद्धिको समय छ। कर्मयोगले नाम र दाम दिलाउनेछ।

### कर्कट

शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। अरुका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। बाध्यताले अलमल्याउन सक्छ। तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोर्‍याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ। सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ।

### सिंह

खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ। खानपान र आहारविहारमा ध्यान पुर्‍याउनुहोला। केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ। दोहोर्‍याएर प्रयत्न गर्दा आँटेको काम बन्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला।

### कन्या

तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। घुमफिर तथा मनोरञ्जनको समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। आफन्तको स्नेह, सत्कार तथा सम्मान प्राप्त हुनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम थालनी हुनेछ।

### तुला

शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। मिहिनेतले प्रशस्त फाइदा दिलाउनेछ। द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। व्यापारलगायत दिगो आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ।

### वृश्चिक

अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ। सहयोगीहरूले साथ दिन छाड्नेछन् र प्रगतिमा इर्ष्या गर्नेहरूले दुःख दिनेछन्। तापनि मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ।

### धनु

आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। अरुको भरपर्दा काम बिग्रन सक्छ। मान्यजनको सहयोगले तत्कालको अन्योल भने टर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ।

### मकर

नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### कुम्भ

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। ईष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ।

### मीन

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। स्वास्थ्यका लागि खर्च बढ्नेछ। धन लाभ भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा आत्मसम्मानमा बाधा पर्न सक्छ। तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्‍याउनेछ। लगनशीलताले नयाँ नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ। पुरानो काम छोडेर नयाँ काम सुरु गर्दा राम्रो होला।

# समाचार संक्षेप

## सवारी दुर्घटनामा परी २ जनाको मृत्यु

काठमाडौं। कैलाली, गौरीगंगा नगरपालिका-४ राजिपुरस्थित सडकमा ग।१ ख ६४४१ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४० वर्षीय मान सिंह गुर्धामीको मंगलबार बिहान मृत्यु भएको छ। बाटो काट्ने क्रममा उक्त ट्रकको ठक्करबाट गम्भीर घाइते भएका उनको घटनास्थलमै भएको हो। ट्रक चालक उदयपुर हर्देनी गाबिस(३ ठेगाना भएका ३८ वर्षीय डेक राम खत्रीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धनुषा, मिथिला नगरपालिका(४ पुष्पलपुरस्थित सडकमा बा.५ ख ६०८७ नम्बरको हाईसले प्रदेश २.०१.००१ प ८५८५ नम्बरको मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा सवार २ जनाको घटनास्थलमै मृत्यु भएको छ। मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सप्तरी राजविराज नगरपालिका-१२ बस्ने ३५ वर्षीय द्वारिका प्रसाद यादव र उनकै श्रीमती २८ वर्षीया ममता यादव रहेका छन्। हाईस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। साथै घटनास्थलमा करिब १ सय ५० जना मानिसहरूले भेला भई शव उठाउन नदिई सडक अवरोध गरी प्रहरी माथि ढुङ्गामुढा गरेका छन्। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले आवश्यक कार्य गरिरहेको छ।

## करेन्ट लागेर मृत्यु

बर्दिया । गेरुवा गाउँपालिका-२ पाताभार बस्ने अनिल थारुको छोरा ६ वर्षीय दिपेन थारुको मंलगबार बिहान करेन्ट लागेर मृत्यु भएको छ।

घरबाट करिब ६ सय मिटर टाढा सडकमा विद्युतको चुडिएको तारमा छुदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। भोजपुर, षडानन्द नगरपालिका(२ लुम्बाडाँडास्थित पराल राख्ने गुवालीमा साल्पासिलिछो गाउँपालिका(४ खाटम्मा बस्ने ३५ वर्षीय पवन दजी मंगलबार मृत अवस्थामा फेला परेका छन्। कैलाली, गौरीगंगा नगरपालिका-२ धवै बस्ने ७२ वर्षीय कर्ण बहादुर खत्री उनकै घर नजिकै धानबारीमा मंगलबार मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौं। काठमाडौं, चन्द्रागिरी नगरपालिका ११ सतुंगलस्थित सडकमा बागमती प्रदेश ०२ ०१६ प ९५७० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने धादिङ ज्वालामुखी गाउँपालिका ६ घर भएकी ३६ वर्षीया नन्दकला आले मगरको सोमबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको अन्नपुर्ण न्यूरो अस्पताल माईतिघर मण्डलामा उपचारको क्रममा मृत्यु भएको हो। साथै ठक्करबाट घाइते भएका उनकै श्रीमानको सोही अस्पतालमा उपचार भइरहेको छ। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कास्की,खरा महानगरपालिका ७ नागढुङ्गास्थित सडकमा ग.२० प ६०७५ नम्बरको मोटरसाइकल ग।१ य ११७१ नम्बरको गाडीमा ठोक्किएर सोमबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक सोही महानगरपालिका १७ बिरौटा बस्ने २९ वर्षीय कृष्ण देवकोटाको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको चरक मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरी, सुरुङगा नगरपालिका ४ कदमहास्थित सडकमा ना.८ ख ३४२२ नम्बरको ट्रकले को।१ ख ६९५६ नम्बरको तेलको ट्याङ्करलाई सोमबार राति ठक्कर दिँदा ट्रक चालक सुनसरी, रामधुनी ईकराही नगरपालिका ४ बस्ने आशाराम चौधरीको ९ वर्षीया छोरी मेनुका चौधरीको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ट्रकमा सवार चालक सहित ३ जनाको सप्तऋषि अस्पताल लहानमा उपचार भइरेहको छ। फरार ट्याङ्कर चालकको प्रहरीले खोजी गरिरहेको छ।

महोत्तरी, बर्दिवास नगरपालिका ११ खैयरमार लच्का पुलस्थित सडकमा ना।३ ख ८८०० नम्बरको ट्रक र ज।४ प २७०० नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर सोमबार राति दुर्घटना हुँदा मोटसाइकल चालक धनुषा मिथिला नगरपालिका ३ बस्ने २८ वर्षीय धनपत महत्तोको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएको उनको शुभ स्वस्तिक अस्पताल बर्दिवासमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरेहको छ। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

बाँके, नेपालगंज उपमहानगरपालिका ११ पासाङलामु मार्गस्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने ईमरान राईको छोरा ३ वर्षीय अनादिया राईको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएको उनको भेरी अस्पताल नेपालगंज हुँदै लखनउ रिफर गरिएकोमा आफन्तले घरमा लगेपश्चात उनको मृत्यु भएको हो। ठक्कर दिने मोटरसाइकललको प्रहरीले खोजी गरिरहेको छ।

## डुबेर २ जनाको मृत्यु

काठमाडौं। मोरङ, मिक्लाजुङ गाउँपालिका ७ सिसौली बस्ने १८ वर्षीय नारायण बोहोराको सोमाबर दिउँसो डुबेर मृत्यु भएको छ। आफ्नै घर छेउमा रहेको माछा पोखरीमा माछालाई चारो दिन जाने क्रममा पोखरीमा लडेर डुब्दा उनको मृत्यु भएको हो।

बाँके, खजुरा गाउँपालिका ६ मंगलपुर बस्ने रियाज अहमद खाँको २ वर्षीया छोरी रोकैया बानु खाँको सोही ठाउँस्थित सार्वजनिक पोखरीमा डुबेर सोमबार राति मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, बुढानिलकण्ठ नगरपालिका ६ स्थित सडकमा सोही ठाउँ बस्ने कास्की पोखरा महानगरपालिका घर भएका ३२ वर्षीया मिना पाडें सोमबार मृत अवस्थामा फेला परेकी छन्।

ललितपुर, ललितपुर महानगरपालिका १६ मंगलबजार डेरा गरी बस्ने गोदावरी नगरपालिका १६ घर भएका ५० वर्षीय मंगलदास महर्जन आफ्नै कोठामा सोमबार बिहान मृत अवस्थामा फेला परेका छन्।

काभ्रेपलाञ्चोक, मण्डनदेउपुर नगरपालिका ९ रायवारीस्थित इन्द्रावती नदीको किनारामा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका १३ फटकसिला बस्ने ४८ वर्षीया पदम कुमारी डोटेल सोमबार दिउँसो मृत अवस्थामा फेला परेकी छन्।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। महोत्तरी, सोनमा गाउँपालिका ३ रघुनाथपुरस्थित सडकमा बिआर ३० क्यु २१३० नम्बरको मोटरसाइकल र ज.९ प ३८५० नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई आइतबार राति दुर्घटना हुँदा बिआर ३० क्यु २१३० नम्बरको मोटरसाइकलका चालक सोनमा गाउँपालिका ५ खयरवनी बस्ने ३० वर्षीय उदय कुमार यादवको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको जानकी हेल्थ केयर जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

उदयपुर, बेलका नगरपालिका ५ गलेनीस्थित सडकमा प्रदेश नं।१ ०२ ०४१ प १८०८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ८० वर्षीय रामबहादुर श्रेष्ठको आइतबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएको उनको धरान घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hypercritical = सबैकुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ One can not be hypercritical since every one makes mistake भूल नगर्ने जव कोहि पनि हुंदैन भने सबैकुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ राख्नु हुंदैन)

Insipid = वेस्वादको What he cooks is insipid for me but for himself is very tasty (उस्ले पकाएको खाना मेरो लागि बेस्वादको भएपनि उ आफैलाई भने स्वादिलो हुन्छ)

Loathe = हेला गर्नु In most of the film villains are loathed by the audience (सबै जसो चलचित्रमा भिलेनहरूलाई दर्शकहरूले घृणा गर्दछन् )

Motility = नअडिकन आफै क्रियाशील (चली) भइराख्न सक्ने Certain organism of our body shows remarkable motility (हाम्रा शरीरका केही अंगहरू आफै अचम्मले चलीरहेका हुन्छन)

Nemesis = गल्ति गरेकोमा कुनै पनि हालतमा दण्डित हुन पर्ने Everyone has to meet one's nemesis (गल्ती गरेकोमा हरेकले दण्डित हुनै पर्दछ )

Ordeal = मौखिक यातना For every shy girl student, it is an ordeal to speak up in the class (लजालु छात्राको लागि कक्षामा उभिएर वोल्नु यातना पाउनु वरावर हुन्छ)

Propitiate = थोरै दिएर खुसी पार्ने प्रवृत्ति People sacrifice the animal before goddess to propitiate her (मानिसहरू सानो वली दिएर देवी खुसी पार्न चहान्छन )

Pusillanimous = छेरुवा, कातर Being a man you should not have pusillanimous conduct (लोग्नेमान्छे भएर छेरुवा स्वभाव देखाउनु हुंदैन।

Synchronous = एकै समयमा एकै किसिमका कुरा Sometimes synchronous discoveries are made in different part of the worlds (कहिलेकाही विश्वको विभिन्न भागमा एकै समयमा एकै किसिमका कुराहरू पत्ता लागेका छन् )

Susceptible = सजिलै कुनै पनि रोगबाट ग्रसित हुने प्रवृत्ति Human beings having weak immune system can be susceptible to any disease (कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्तछन)

# Stand बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Stand high = अग्लो हुनु The tower stands 50 mt . high टावर ५० समटर अग्लो छ।

Stand firm on = अडान लिनु Our government stands firm on disarmament हाम्रो सरकार निशस्त्रिकरणको पक्षमा अडान लिन्छ।

Stand at = रोकिनु Vehicles stand at the traffic light for few seconds यातायातका साधनहरू ट्राफिक वत्ति भएको स्थानमा केहि सेकेण्ड रोकिन्छन।

Stand empty = खाली रहनु Even during lock down because of Covid, my house did not stand empty कोभिडको कारण लक डाउन भएको बेलामा पनि मेरो घर खाली रहेन।

Stand in = अडिनु All the trains are standing in the station because of strike हडतालको कारण सबै रेलहरू स्टेशनमा अडिएका छन्।

Stand convicted of = आरोप लाग्नु Entire Executive Board is convicted of corruption पुरै कार्यकारी बोर्ड भ्रष्टाचारबाट आरोपित छ।

Stand high in = सम्मानित हुनु You stand high in the esteem of your colleagues तिम्रा मित्रहरूबाट तिमी माथिल्लो स्तरमा सम्मानित छौ।

Stand somebody to = रुपमा उभिइदिनु Will you stand godfather to this child तिमी यो वच्चाको धर्म पिताको रुपमा उभिइ दिन्छौ की ?

Stand at = गएर अडिनु Our fund stands at Rs . 2 lakh हाम्रो कोष दुइ लाख सम्म गएर अडिएको छ।

Stand to = पाउनु From this deal you can stand to win a lot यो कारोवारबाट तिमीले राम्रै नाफा पाउन सक्छौ।

## सुडोकु-अंक २३१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | ५ | | | | ७ | | २ |
| | २ | | | | | | ६ | |
| ६ | ३ | | | ७ | | | ५ | १ |
| | ९ | | ६ | | २ | | ८ | |
| | | | ५ | | ९ | | | |
| | ४ | | ७ | | ३ | | १ | |
| १ | ७ | | | ९ | | | ३ | ६ |
| | ६ | | | | | | ७ | |
| ३ | | ८ | | | | २ | | ९ |

## अंक २३० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | ३ | १ | ८ | ७ | ४ | २ | ५ |
| २ | ८ | ४ | ९ | ५ | ३ | ७ | १ | ६ |
| १ | ५ | ७ | २ | ४ | ६ | ३ | ९ | ८ |
| ३ | ७ | ५ | ६ | ९ | ४ | २ | ८ | १ |
| ६ | ९ | १ | ३ | २ | ८ | ५ | ७ | ४ |
| ४ | २ | ८ | ५ | ७ | १ | ६ | ३ | ९ |
| ८ | ४ | ९ | ७ | ३ | ५ | १ | ६ | २ |
| ७ | १ | २ | ४ | ६ | ९ | ८ | ५ | ३ |
| ५ | ३ | ६ | ८ | १ | २ | ९ | ४ | ७ |

# Peerless Guerrilla Hero

There are a number of famous guerrillas in the world history of war.

But it is hard to find such guerrillas as those of Korea, who defeated the enemy much stronger in terms of strength in such severe conditions and for such a long time in the world history of guerrilla warfare.

**Peerless Hero**

In the first half of the last century the situation of Korea was very miserable under the military occupation of Japan.

It was a colony where literally everything was controlled by the Japanese; state sovereignty, territory, resources and even the right to existence as a nation were violated by the imperialist state.

Independence of Korea at that time seemed bleak under the oppression of Japan that was boasting of being one of the five military powers in the world.

At this time of agony there was a man, named Kim Il Sung (1912-1994), who believed that the Japanese aggressors could be defeated.

As a son of the Korean nation, he founded in 1932, at the age of twenty, the Anti-Japanese People's Guerrilla Army, and declared a war against Japan with a firm determination to liberate his country without fail.

From that time the Korean guerillas led by General Kim Il Sung wrote a heroic epic in the history of the struggle for the liberation of their country, eating and sleeping in the open and overcoming all difficulties and ordeals of every description.



Indomitable Guerrillas

What should be mentioned first when speaking about the Korean guerillas is the fact that they fought in the most arduous conditions.

They could not rely on support from a state and regular army at all.

Everything including food, weapons, ammunition and clothes had to be obtained by themselves.

With the spirit of self-reliance, they attacked the enemy and captured weapons, food and other supplies from them; they built arsenals in the mountains and made bombs and even wooden guns.

In winter the temperature in the northern part of Korea and Manchuria of China, the main theatres of struggle by the guerrillas, is sometimes under 40°C below zero and the accumulated snow is deeper than a man's stature.

It may be rather favourable to fight a guerrilla war in Africa or Latin America where there is no cold winter and one can enjoy a certain degree of benefits of nature.

This notwithstanding, guerrilla warfare is not easy in these regions.

When Cuban leader Fidel Castro visited the Democratic People's Republic of Korea, he asked Kim Il Sung how he had solved the problem of food in the days of the guerrilla warfare.

Since he had conducted guerrilla warfare in Mt Sierra Maestra, he was much interested in the way the Korean leader had solved the problem.

It is indeed beyond imagination that the Korean guerrillas fought the large contingents of enemy troops almost every day, sometimes eating snow in winter as they had run out of provisions.

General Kim Il Sung was always in the vanguard of this bloody struggle.

Sharing weal and woe with his soldiers, he awakened them to their ennobling mission for liberating their motherland, and instilled in them the conviction in sure victory.

Under the most severe conditions, in which others must have yielded easily, the Korean guerrillas fought with conviction in victory and optimism about the future, emerging victorious at last.

Later the guerilla war veterans recalled that they could overcome the severe difficulties because they had cherished absolute trust in their commander General Kim Il Sung and an indomitable faith.

It is also important to note that, upholding Kim IlSung's idea of army-people unity that "Just as fish cannot live without water, so the guerrillas cannot exist apart from the people," the guerrillas did all things for the benefit of the people and the people supported them with all sincerity

Elusive Tactics of Guerilla Warfare

General Kim Il Sung was well known as a guerrilla commander associated with many legendary tales, all produced by his ingenious guerilla tactics.

At that time the Japanese described the Korean guerillas as "a drop in the ocean."

The Korean guerrillas armed with light weapons only paled in comparison to Japan, the "leader" of Asia and one of the military powers in the world, which had the one-million-strong Kwantung Army in Korea and Manchuria of China.

But every battle between those two forces ended in the victory of the Korean guerrillas, a fact transcending the conventional concepts and common sense.

The secret was the ingenious tactics of General Kim Il Sung.

Kim Il Sung always took the initiative and defeated the enemy forces, who had numerical and technical superiority, by dint of strategic and tactical superiority. He could do so as he had created and applied unique and mysterious tactics not known in the military textbooks of warfare, ancient or modern, Eastern or Western.

The lure and ambush tactic, telescoping tactic, the tactic of marching 1 000 *ri* at a stretch and others are the acme of mysteriousness and resourcefulness.

The so-called military generals of Japan, once caught in one of those tactics, had to swallow a bitter pill.

Legendary tales about the tactics of appearing and disappearing with preternatural swiftness, soaring above the sky and sinking into the earth and shrinking distances spread across Korea, leading the people to cherish national dignity and pride and look forward to the day of their liberation.

At last Korea was liberated on August 15, 1945.

The glorious name of General Kim Il Sung, who led the Korean guerrillas to victory, shook the world as well as Korea.

It reminds us of the remarks made by Mark W. Clark, commander-in-chief of the UN forces, who lamenting that he had gained the unenviable distinction of being the first United States army commander in history to sign an armistice agreement without victory. He said: Kim Il Sung performed wonderful exploits as the commander of a guerillas army that fought against the Japanese army for many years; many people respected his name and his name became the symbol of patriotic deeds in Korea.

# हराउँदै गाईजात्राको रौनक

काठमाडौं। कोरोना कहरका कारण हाँस्य कलाकारलाई यसपालीको गाईजात्रा निरश हुन पुगेको छ। गाईजात्राको अवसर पारेर हप्ता दश दिनसम्म गरिने महोत्सव दुई वर्षदेखि हुन सकेको छैन। हुन त अहिले वर्षै दिन देशमा गाईजात्रा भइरहेको भनेर आलोचना पनि भइरहन्छ। भौतिक रुपमा गरिने कार्यक्रमको बेग्लै स्वाद हुने कलाकार ज्योतिप्रकाश बिके बताउँछन्। उनले पछिल्लो समय डबलीबाट यस्ता कार्यक्रम डिजिटल युगतिर प्रवेश गरेको सुनाए।

पञ्चायती व्यवस्थाप्रति व्यंग्य गरेको भन्दै विसं २०१७ पुस १ गतेको शाही कू पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो। संस्कृतिविद् सत्यमोहन जोशी २०३३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले महोत्सवका रुपमा झाँकी र हास्यव्यंग्यसहित गाईजात्रा फेरि मनाउन थालेको सुनाउँछन्। उनले हास्यव्यंग्यले बुझ पचाएर जथाभावी गर्नेलाई सचेत गराउने भएकाले यसको महत्व रहेको विचार व्यक्त गरे। उनले समाजमा भइरहेका खराब पक्षलाई कलात्मक तर व्यंग्यात्मक रुपमा पस्किने भएकाले मानिसका लागि सचेततासँगै जागरण ल्याउन पनि सहयोग मिल्ने सुनाए।



यस्तै, जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना र काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तक विशेष दर्शनीय मानिन्छन्। आजकल गाईजात्राको सन्दर्भ पारेरमा समाजमा विद्यमान विकृति र विसंगतिलाई साहित्यकार तथा कलाकारले हाँस्य तथा व्यंग्यका रुपमा त्यसलाई उजागर गर्दै आएका छन्। सार्वजनिक रूपमा मनोरञ्जनात्मक तथा व्यंग्यात्मक ढंगले विविध कार्यक्रमको आयोजना समेत हुन्छ।

हाँस्य कलाकारले प्रहसन, नाटक, प्यारोडी, क्यारिकेचर लग(ायतका विविध माध्यमबाट समाजका विकृति विसंगतिलाई बाहिर ल्याउँदै आएका छन्। यस्तै, कतिपय पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यंग्य अंक नै प्रकाशित गरिरहेका छन्। पछिल्ला वर्षमा हाँस्य कलाकारले गाईजात्रा कार्यक्रमको विशेष आयोजना गर्दै आइरहे पनि गत वर्षदेखि कोरोनाका कारण प्रभावित भएको छ। भौतिक रुपमा ठूला हलमा गरिने गाईजात्रा प्रभावित भए पनि हास्य कलाकारले युट्युब च्यानलमार्फत यसलाई निरन्तरता भने दिएका छन्। हास्य कलाकार देवीराम पराजुली 'भोक लाग्यो' कोरोनाले विगत वर्षमा जस्तो स्टेजमै गएर गाईजात्राको प्रस्तुति गर्न सकिने अवस्था नरहेको बताउँछन्। कोरोनाकै कारण धेरै कलाकारका पनि आफन्तजन गुमाएकाले पनि यो पर्व खल्लो भएको उनले सुनाए। हाँस्य कलाकार कमल गाउँलेले गाईजात्रे कोसेली ल्याएका छन्। यस्तै, आधा दर्जन कलाकारले समसायिक राजनीति, सामाजिक तथा सांस्कृतिक विषय समेटिएका गाईजात्रे कोसेली भर्चुअल माध्यमबाट ल्याएका छन्।

गाईजात्रा पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रबिसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौँडा र पोखरालगायत नेवार समुदायमा धुमधामका साथ मनाइन्छ।

# दुई दिने अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलन सम्पन्न

काठमाडौं। अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलनको तेस्रो सिरिज सम्पन्न भएको छ। आर्थिक विकास र शान्तिका लागि कोरियाली प्रायद्विपको पुनर्मिलनका सन्दर्भमा बिहीबार र शुक्रबार दुई दिने भर्चुअल सम्मेलन सम्पन्न भएको हो।

कोरियाली प्रायद्विपको शान्तिपूर्ण पुनर्मिलनको वातावरण बनाउन युनिर्भसल पीस फडेरेसनको आयोजनामा थिंक ट्यांक २०२२ ग्लोबल फोरमले एशिया व्यासिफिक स्तरीय नेतृत्व सम्मेलनमा तीन दर्जनभन्दा बढी राष्ट्रका हजारौं व्यक्तिको सहभागिता रहेको छ भने ४० भन्दा जना वक्ताहरूले दुई कोरियाबीचको पुनर्मिलनको सम्भाव्यताबारे बोलेका थिए। सम्मेलनमा विभिन्न क्षेत्रका विज्ञहरूले सम्बोधन गर्दै कोरिया पुनर्मिलनको बारेमा ऐक्यबद्धता प्रकट गरेका थिए।

भर्चुअल सम्मेलनमार्फत भएको अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलन र थिंक ट्यांक २०२२ ग्लोबल फोरमले कोरियाली प्रायद्वीपमा आर्थिक विकासको सम्भावनाहरू, एशियामा यसको प्रभाव र विश्वशान्तिका लागि भूमिकाको बारेमा सम्बोधन गरिने छ।

सम्मेलनमा नेपालका प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले कोरियाली प्रायद्वीपको एकीकरणले कोरियाको प्रगतिमा मात्र योगदान पुऱ्याउँछ भन्ने होइन पूर्वोत्तर एसिया र विश्वको शान्ति र समृद्धिलाई पनि सहयोग पुऱ्याउने बताए। सम्मेलनमा पूर्वमन्त्री एकनाथ ढकालले कोरियाली प्रायदिपको शान्तिपूर्ण पुनर्मिलनका लागि सामाजिक अभियानहरू सञ्चालन गरेको बताउँदै दुबै कोरियाको एकिकरण बिस्तारै सम्भव बन्दै जाने बताए।

युपीएफ एशिया प्यासफिकका अध्यक्ष समेत रहेका ढकालले दुवै देशका नेताहरूले एक आपसमा पटक पटक भेटवार्ता गर्ने र सम्वन्धलाई थप मजबुद बनाउदै लैजाने प्रतिबद्धता व्यक्त गरेको बताउँदै यस्ता कार्यक्रममार्फत कोरियाली प्रायद्विपको पुनर्मिलनलाई सहयोग गर्ने बताए।

संविधानसभा सदस्य उदय नेपाली श्रेष्ठले लामो विभाजित र प्राविधिक रूपमा युद्धमा रहेका कोरियाली प्रायद्वीपका राष्ट्रहरूबीच शान्तिमय पुनर्मिलनको व्यावहारिक समाधान खोज्नका लागि आवश्यक रहेको बताए।

सम्मेलनमा भारतीय जनता पार्टीका नेता बिजय जोली, बासिङटन टाइम्स् का अध्यक्ष म्याक डेबिट, नेपालका लागि पूर्व भारतीय राजदुत केबी राजन प्रोफेसर सिर्जना थापालगायताका वक्ताहरूले बोलेका थिए।

सम्मेलनलाई अंग्रेजी, नेपाली, रसियन, खमेर, थाई लगायत सात भाषामा अनुवाद गरिएको सम्मेलनको प्रत्यक्ष तथा विभिन्न सामाजिक सञ्जालको माध्यमबाट लाखौ जनाको सहभागिता रहेको थियो।

युनिभर्सल पीस फेडरेशन संयुक्त राष्ट्र संघको आर्थिक र सामाजिक परिषदसंग सामान्य परामर्शदाता एक गैरसरकारी संगठन हो। जसले अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलन र थिंक ट्यांक २०२२ ग्लोबल फोरमको माध्यमबाट दुबै कोरियाको पुनर्मिलनको विभिन्न आयामका बारेमा बहस चलाउँदै आएको छ। आठ ओटा सत्रमा भएको सम्मेलनमा विभिन्न क्षेत्रका बिषयगत विज्ञहरूले आफ्नो धारणा राखेका छन्। युपीएफको स्थापना सन २००५ मा. डा. सुन म्योङ मुन र उहाँकी धर्मपत्नी डा. हाकजा हानमुन (जो अहिले विश्व शान्ति अभियानको नेतृत्व गरिरहनु भएको छ।

## प्रतिस्थापन ...

प्रतिस्थापन विधेयकका प्राथमिकताहरूबारे प्रकाश परेका थिए ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलले पुंजीगत खर्च बढाउनको लागि 'रेगुलर ट्र्याकिङ्ग सिष्टम' को अवधारणामा काम गर्न सुझाव दिए । उनले सरकारी स्वामित्वमा रहेका नेपाल एयरलाइन्ससहितका कयौं सार्वजनिक संस्थानहरू प्रतिफलमुखी हुनुको साटो 'परजिवी' जस्ता भएर उल्टै सरकारमाथि दायित्व थपिरहेकोले तिनको सम्बन्धमा नयाँ नीति अघि सार्नुपर्ने धारणा राखे । अर्थसचिव मधु कुमार मरासिनीले कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गैर बजेटरी खर्च समेत गर्नुपर्ने बाध्यता आइलागेको भन्दै त्यसको परिपूर्तिको लागि रकम बचत हुने गरी कार्यक्रम परिमार्जन गरेर ल्याउन आग्रह गरे । उनले तत्काल सम्पन्न नगरी नहुने आयोजना बाहेक अन्य आयोजनाहरूलाई थाँती राखेरै भएपनि कोभिड १९ महामारीका विरुद्ध लड्नु अवस्था आएकोले सवै मन्त्रालयहरूको तर्फबाट त्यसतर्फ गंभीरतापूर्वक ध्यान जाने विश्वास व्यक्त गरे ।

बैठकमा राष्ट्रिय योजना आयोगलगायत विभिन्न मन्त्रालयका सचिवहरूले सरकारको प्राथमिकताबमोजिम बजेट तथा कार्यक्रम परिमार्जन गर्न आफूहरू प्रतिवद्ध रहेको जानकारी दिए । उनीहरूले हरेक वर्ष जारी हुने मितव्ययिता सम्बन्धी निर्देशिका कडाइका साथ पालना गर्नुपर्ने, अरबौं बजेट खर्च भइरहेका विदेशस्थित कुटनैतिक नियोगहरूका सम्बन्धमा पुनर्विचार गर्नुपर्ने, चालु खर्चमा अनावश्यक भार थपिरहेका विभिन्न विभाग, संरचना तथा घाटामा रहेका सार्वजनिक संस्थानहरू खारेज गर्नुपर्ने, ससाना टुक्रे आयोजनाहरूमा समेत संघीय सरकारबाट बजेट विनियोजन गर्ने प्रचलन अन्त्य गरी प्रदेश र स्थानीय तहमा पठाइदिनुपर्ने, प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव हटाउन समायोजन विधेयक तत्काल अघि बढाउनुपर्ने, शहरी विकास र भौतिक पूर्वाधारको क्षेत्रमा भइरहेको डुप्लिकेशन अन्त्य हुनुपर्नेलगायतका दर्जनौं सुझावहरू दिए ।

## नेपाली कामदार...

विभागको वेब पोर्टलमा गई अनलाइन आवेदन दर्ता गर्न भनिएको छ । मासिक तलब पाँच हजार ३०० एनआईएस (इजरायली मुद्रा) अर्थात् करिब एक हजार ६०० अमेरिकी डलर रहेको छ । विभिन्न योग्यता तोकिएको छ ।

## महालेखाले...

प्रतिशत रकमान्तर भएको छ प्रतिवेदनमा भनिएको छ । योमध्ये असार महिनामा मात्रै ८५ अर्ब ८३ करोड र असार २५ पछि ३१ अर्ब ३९ करोड रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थप गरेको छ ।

सरकारलाई राजस्व नबुझाउने प्रवृत्ति पनि बढेको प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७५।७६ सम्म राजस्व बक्यौता रकम १ खर्ब ९७ अर्ब ८४ करोड ११ लाख रुपैयाँ थियो । २०७६।७७ मा १७ अर्ब ७२ करोड ७६ लाख रुपैयाँ बक्यौता थप भएको छ । यसरी राजस्व बक्यौता रकम २ खर्ब १५ अर्ब ५६ करोड ८७ लाख रुपैयाँ पुगेको छ ।

सडक विभाग र मातहतका कार्यालयबाट व्यवस्थापन भएका सडक तथा ठेक्का प्रदेश सरकारलाई हस्तान्तरण गर्न ढिलाइ हुँदा ५ सय ७६ वटा ठेक्का अलपत्र परेको पाइएको छ।

आर्थिक वर्ष २०७२/७३ देखि २०७५/७६ सम्ममा हस्तान्तरण गर्ने निर्णय भएका १ हजार १ सय ८१ ठेक्कामध्ये ६ सय ५ ठेक्का मात्र हस्तान्तरण भएका छन्। ५ सय ७६ ठेक्का हस्तान्तरण हुन नसकेका कारण अलपत्र परेको प्रतिवेदनमा छ।

ती ठेक्काको म्याद सकिएको र निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेस्की २२ करोड ४ लाख ६९ हजार बाँकीमध्ये कतिपय पेस्की जमानत र कार्यसम्पादन जमानतको म्यादसमेत समाप्त भएको छ। यसले गर्दा उक्त पेस्की जोखिममा परेको प्रतिवेदनमा औंल्याइएको छ।

समयमै हस्तान्तरण नभएका कारण २६ करोड १४ लाख ८६ हजार रुपैयाँ खर्च गरी निर्माण भएका सडक संरचना तथा अन्य कार्य लामो समय अधुरो रहन गई बिग्रने तथा भत्कने र खर्चको उपादेयता समाप्त हुने अवस्था देखिएको प्रतिवेदनमा जनाइएको छ। ती ठेक्का सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वा सडक विभाग स्वयंले बनाउने भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने पनि प्रतिवेदनले सुझाएको छ।

देशभर निर्माणाधीन र बनिसकेका सडक पूर्वाधारमा जताततै बेथिति बढेको पाइएको छ। त्यसमा सबैभन्दा बढी समस्या पुष्पलाल (मध्यपहाडी) लोकमार्गमा रहेको पाइएको प्रतिवेदनले औंल्याएको छ।

आयोजनाले २१ निर्माण व्यवसायीलाई दिएको पेस्की ३२ करोड ७६ लाख ११ हजार रुपैयाँ बैंक जमानत जफत गरी फछ्र्यौट गरेकामा ४ करोड ९९ लाख ६ हजार ब्याज असुल गरेको छैन। सार्वजनिक खरिद नियमावलीअनुसार निर्माण व्यवसायीले समयमा काम नसके पेस्की फिर्ता लिँदा १० प्रतिशत ब्याज असुल्नुपर्छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना कार्यालय पाँचथर, गोरखा र काभ्रे, गाईघाट-दिक्तेल सडक योजना, पुल योजना पश्चिम सेक्टर नम्बर-३ नेपालगन्ज, सडक क्षेत्र विकास आयोजना, ११ किलो छेपेटार, भालुस्वाँरा-बारपाक सडक योजना गोरखा, संघीय सडक अनुगमन तथा सुपरिवेक्षण कार्यालय काठमाडौं गरी ९ कार्यालयले व्यवसायीबाट ब्याज असुलेका छैनन्। लमही-घोराही-तुलसीपुर सडक खण्ड निर्माण गर्न व्यवसायीसँग भएको खरिद सम्झौतामा ५० प्रतिशत अवधिमा ३० प्रतिशत भौतिक प्रगति नभए बैंक जमानतमार्फत ५० प्रतिशत पेस्की जफत गर्ने उल्लेख छ।

काठमाडौं-तराई मधेस द्रुतमार्गका १४ वटा ठेक्कामा यो वर्षसम्म ३ अर्ब ७ करोड ४० लाख भुक्तानी भइसकेपछि कामको आवश्यकता नभएको भनी ठेक्का अन्त्य गर्ने प्रक्रियामा लगेको प्रतिवेदनले उल्लेख गरेको छ। विस्तृत सर्वेक्षण तथा डिजाइनबेगर ठेक्का गरेकाले कार्यसम्पादन गर्दागर्दै बीचमै बाँकी काम आवश्यक नभएको जनाई ठेक्का अन्त्य गर्ने प्रक्रियामा गएका कारण उक्त रकम भुक्तानी भएको हो।

भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत लुम्बिनी प्रदेशका ३ कार्यालयमा २ अर्ब ६९ करोड ३३ लाख ७ हजारमा ठेक्का सम्झौता भएका ४६ ठेक्का पटक-पटक म्याद थप्दा पनि सकिएका छैनन् ।

कर्णाली प्रदेशका ७ कार्यालयमा सम्झौता भई सुरु म्याद नाघेका २ अर्ब २९ करोड ८४ लाख ६१ हजारका ६४ ठेक्कामा ५० करोड २ लाख ५३ हजार ९२१।७६ प्रतिशत० भुक्तानी भए पनि ठेक्का अधुरै छन् ।

झन्डै साढे दुई दर्जन बैंक तथा वित्तीय संस्थाले मर्जरका क्रममा साढे चार अर्ब रुपैयाँ कर छली गरेको महालेखा परीक्षकको ५८ औं वार्षिक प्रतिवेदनले औंल्याएको छ। ती बैंक तथा वित्तीय संस्थाले मर्जर प्रक्रियामा प्राप्त लाभलाई आयमा देखाएर कर तिर्नुपर्नेमा त्यसो नगरेको प्रतिवेदनमा उल्लेख छ।

आयकरसम्बन्धी व्यवस्थाअनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफानोक्सान विवरणमा उल्लेख गरी लेखांकन गर्नुपर्नेमा त्यसो नगरेकाले प्रचलित लेखामान र आयकर ऐन २०५८ को दफा २२ विपरीत हुन गएको देखिन्छ, प्रतिवेदनमा भनिएको छ ।

२४ वटा वाणिज्य बैंक र १३ वटा बिमा कम्पनीले थप सेयर निष्कासन (एफपीओ) र सेयर लिलाममार्फत करिब साढे ३ अर्ब रुपैयाँ बराबरको रकम कर नतिरेको प्रतिवेदनको निष्कर्ष छ।

नेपाल स्टक एक्सचेन्जमा राष्ट्र बैंकको स्वामित्वमा रहेको सेयर बिक्री गर्दा कर छली भएको पनि महालेखाको निष्कर्ष छ। 'नेप्सेको सेयर स्वामित्व परिवर्तन हुँदा औसत मूल्य १ हजार ६ सय ६० का आधारमा बिक्री भएको थियो,' प्रतिवेदनमा भनिएको छ, 'उक्त प्रक्रियामा २ अर्ब १३ करोड ३ लाख पुँजीगत लाभकर हुने देखिन्छ।'

किसानलाई प्रोत्साहन गरी उत्पादन र उत्पादकत्व बढाउन सरकारले कृषि क्षेत्रमा हरेक वर्ष अर्बौं रुपैयाँ खर्च गरे पनि बेथिति चिर्न सकेको छैन। किसानका नाममा पहुँचवालालाई अनुदान दिने र कमिसनकै चक्करमा समयमै मल आपूर्ति नहुनेलगायत बेथिति यस क्षेत्रमा मौलाएका छन्। महालेखा परीक्षकको ५८ औं वार्षिक प्रतिवेदनले यसको पुष्टि गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानका नाममा जथाभावी अनुदान वितरण गरेको प्रतिवेदनमा उल्लेख छ। उत्पादन, उत्पादकत्व एवं लक्ष्य तथा उपलब्धिको विवरण अद्यावधिक राखी प्राथमिकताका आधारमा अनुदान उपयोग गर्नुपर्ने प्रतिवेदनमा औंल्याइएको छ। मन्त्रालयले रासायनिक मल खरिद, उन्नत बीउबिजन, उत्पादन एवं खरिद, मत्स्य विकासलगायतमा १३ अर्ब ६१ करोड २९ लाख खर्चिएको थियो।

'१५ लाख ६४ करोड २४ लाख अनुदान वितरणको व्यवस्थामा ८७।०३ प्रतिशत खर्च गरेको छ। जसमध्ये कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीलाई १० अर्ब ५२ करोड ९५ लाख वितरण गरेको देखियो,' प्रतिवेदनमा भनिएको छ, 'गत वर्षभन्दा अनुदान १०।७४ प्रतिशत बढाई १३ अर्ब ६१ करोड बाँड्दा तरकारी उत्पादनतर्फ ४।२६ र फलफूलतर्फ ६।९६ प्रतिशत घटेको छ।'

कृषि मन्त्रालयले अर्थ मन्त्रालयको सहमतिबिनै अनुदानलगायत निर्देशिका बनाएर कार्यान्वयनमा ल्याएको पनि पाइएको छ। किसानलाई अनुदान दिन अर्थको सहमति नलिई अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, शीत भण्डारण गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि र कृषि तथा पशुपन्छी बिमा निर्देशिकालगायतका निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको प्रतिवेदनमा उल्लेख छ। 'अनुदान वितरण गर्दा पनि सबै क्षेत्र र वर्ग नसमेटिएको तथा अनुदानमा कमजोरी र विपन्न किसानको पहुँच नपुगे जस्तो देखिएको छ, प्रतिवेदनमा भनिएको छ।

२०७६/७७ र २०७७/७८ को पहिलो अर्धवार्षिक अवधिमा कृषि सामग्री कम्पनीले खरिदका लागि छानेका ६ आपूर्तिकर्ताले १ लाख ३० जार टन युरिया र २० हजार टन डीएपी मल आपूर्ति गर्न सकेनन्। यसैगरी सरकारी नीतिमा किसानलाई ५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने भनिएको छ। तर किसानले ९ प्रतिशत तिर्नुपरेको प्रतिवेदनले जनाएको छ। किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमअन्तर्गत ५ प्रतिशत ब्याजमा ऋण उपलब्ध दिने सरकारी नीति छ।

पर्यटन मन्त्रालय र मातहतका १२ वटा निकायमा ४४ करोड ५८ लाख बेरुजु देखाएको छ। जसमा १ करोड १४ लाख म्याद नाघेको पेस्की देखिएको छ। त्यस्तै मन्त्रालयका संगठित संस्था र समिति गरी १४ वटा निकायमा ९७ करोड ५४ लाख बेरुजु देखिएको छ।

प्रतिवेदनअनुसार नागरिक उड्डयन प्राधिकरणमा संस्थाको इजाजत नवीकरण नगरी १० वटा वायु सेवा कम्पनी सञ्चालनमा छन्। प्राधिकरणले विभिन्न वायु सेवा, संस्थालगायतबाट उठाउनुपर्ने ८६ करोड ९९ लाख बक्यौता असुल गर्न सकेको छैन। जसमा अस्तित्वमा नरहेका दुई हवाई सेवा कम्पनीको मात्रै ८ करोड रुपैयाँ बक्यौता छ। देशभरका ५४ विमानस्थलमध्ये २२ मात्रै सञ्चालनमा छन्।

नयाँ विमानस्थल बनाइँदा लाभ विश्लेषण गरेर मात्र बनाउन सुझाव दिइएको छ। हाल प्राधिकरणमा थप १२ वटा निर्माणका लागि प्रस्ताव अघि बढाइएको छ।

यस्तै पर्यटन विभागले देशभरका १५ क्यासिनोमध्ये ५ क्यासिनोबाट २०७६/७७ सम्मको २२ करोड ७२ लाखसमेत गरी कुल १ अर्ब ८ करोड ६३ लाख असुल नगरेको जनाएको छ।

कार्यालयको प्रतिवेदन अनुसार आर्थिक वर्ष ०७६/७७ मा स्थानीय तहमा मात्रै ४० अर्ब ८३ करोड ४७ लाख रुपैयाँ बेरुजु देखिएको छ । त्यसमध्ये असुलउपर गर्नुपर्ने ५ अर्ब ४७ करोड ४९ लाख, अनियमितता भएको १० अर्ब ७५ करोड १८ लाख, प्रमाण कागजात पेश नभएको १७ अर्ब १६ करोड ६५ लाख र शोधभर्ना नलिएको एक करोड ६७ लाख रुपैयाँ रहेको छ । त्यस्तै, पेश्की फिर्ता गर्नुपर्ने ७ अर्ब १७ करोड ९९ लाख रुपैयाँ रहेको छ ।

कोकाकोला उत्पादक कम्पनी 'बोटलर्स नेपाल लिमिटेड' सँग अन्तरसम्बन्धित कम्पनी विदेशमै बिक्री गरेको विषयमा कर लाग्ने निष्कर्ष महालेखाको छ।

'ठूला करदाता कार्यालयअन्तर्गतको एक बहुराष्ट्रिय कम्पनीको कुल सेयर संख्या १९ लाख ४८ हजारमध्ये १४ लाख ८४ हजार ३०१ कित्ता सेयर अर्को बहुराष्ट्रिय कम्पनीले खरिद गरी यस कम्पनीमा प्रवेश गरेको अमेरिकाको एक सेक्युरिटी कमिसनले सन् २०१६ मा खुलासा गरेको छ, कोकाकोलाबारे नाम उल्लेख नगरी महालेखा परीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपति विद्या भण्डारीलाई बुझाएको वार्षिक प्रतिवेदनमा भनिएको छ।

उक्त कम्पनीको २०७१ मंसिरमा ७६।१६ प्रतिशत स्वामित्व परिवर्तन भएको समेत प्रतिवेदनले उल्लेख गरेको छ। 'तत्पश्चात कम्पनीको नाम परिवर्तन गरिएको छ। सेयर खरिदबिक्री गर्दा भएको स्वामित्व परिवर्तनको जानकारी नेपालका कुनै पनि नियामक निकायलाई नदिनुका साथै निःसर्गमा प्राप्त भएको लाभमा कर गणना गरी दाखिला गरेको देखिँदैन, प्रतिवेदनमा भनिएको छ, 'नेपालमा सञ्चालित क्रियाकलापसँग सम्बन्धित भुक्तानी भएकाले सिर्जना भएको पुँजीगत लाभमा प्राथमिक रूपमा नेपालमा कर लाग्ने देखिन्छ।'

यस्तै प्रकृतिको कारोबारमा एक दूरसञ्चार कम्पनी (एनसेल) को हकमा समेत सर्वोच्च अदालतबाट फैसला भई कर निर्धारणको नजिरबारे प्रतिवेदनले संकेत गरेको छ। यसकारण खरिदबिक्रीका विभिन्न आँकडा प्रस्तुत गर्दै महालेखाले 'नेपालमा रहेको स्थायी संस्थापनबाट कट्टा गर्नुपर्ने १५ प्रतिशत अग्रिम कर ३१ करोड ९५ लाख ५१ हजार र आय विवरण पेस गरी लाग्ने २५ प्रतिशतसमेत लाग्ने कर ५३ करोड २५ लाख ८६ हजारमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्छ, भनेको छ।

जुन कारोबारको विषयमा नेपालका सरकारी निकायलाई कुनै जानकारी नै नदिई कर छली गरेको आशंकामा प्रधानमन्त्री कार्यालय मातहतको राजस्व अनुसन्धान विभागले छानबिन जारी राखेको छ।

बोटलर्स नेपाल लिमिटेडमा ७६ प्रतिशत सेयर विदेशी लगानीकर्ता, २२ प्रतिशत सेयर नेपालस्थित खेतान ग्रुपअन्तर्गत गोरखा ब्रुअरी र २ प्रतिशत सेयर सर्वसाधारणको छ। '७६ प्रतिशत सेयरवाला विदेशी कम्पनी उतै बिक्री गरेर नेपालको आयकर ऐन-२०५८ अनुसारको २५ प्रतिशत पुँजीगत लाभकर छल्न खोजिएको' भन्दै विभागले अनुसन्धान गरिरहेको छ।

## रहेनन्...

महासंघका निवर्तमान अध्यक्ष सरल सहयात्रीका अनुसार दोस्रो संविधानसभा सदस्य समेत रहेका टुहुरेको पार्थिव शरीर अन्तिम श्रद्धान्जलीका लागि दिउँसो साढे १ बजेदेखि २ बजेसम्म पार्टी कार्यालय पेरिसडाँडामा राखिने छ । उनको आजै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने बताइएको छ ।

१५ कात्तिक २००१ मा धरानको पुरानो बजारमा जन्मिएका जुठबहादुर खड्गीले सानैदेखि गीत गाउन थालेका थिए । २०२१ सालमा पिता कृष्णबहादुर खड्गीको निधन भएपछि आफ्नो नामको पछाडि टुहुरे जोडेका थिए । उनी जेबी टुहुरेकै नामबाट चिनिए । २०२० को दशकदेखि कम्युनिस्ट विचारधारासँग नजिक भएका उनले २०२४ सालदेखि जनताका गीत गाउन थालेका थिए । उनको 'आमा दिदी बहिनी हो... गीत निकै चर्चित छ ।

राजनीतिक रुपमा उनको आवद्धता माले, एमाले हुँदै पछिल्लो समय माओवादी केन्द्रमा थिए । दोस्रो संविधानसभामा माओवादी केन्द्रबाट सभासद बनेको उनी जनसांस्कृतिक महासंघका संरक्षक र माओवादीका सल्लाहकार हुन् ।

२०७५ सालमा उनको नाममा जेबी टुहुरे फाउण्डेसनसमेत स्थापना गरिएको छ । फाउण्डेसनको अध्यक्ष उनकी छोरी निर्भिका छिन् ।

## सीमा विवाद...

सरकारले भौतिक रुपमा सम्भव नभए भर्चुअल रुपमा नै बैठक बस्न भारतीय पक्षसँग प्रस्ताव गरेको थियो । तर नेपालले गरेको दुईपटकको आग्रहमा भारतीय पक्षले जवाफ नै दिएन । यो वर्ष भने नेपालको आन्तरिक राजनीतिमा आएको उचारचढावले अहिलेसम्म बैठक बस्न नसकेको हो । कोरोना महामारीकै समयमा पनि यही अगस्ट १६ मा दुईपक्षीय परियोजनामा देखिएका समस्या पहिल्याउने र त्यसलाई तत्कल समाधान गर्ने उद्देश्यले बनेको नेपाल भारत ओभरसाइट संयन्त्रको नवौं बैठक बसेको थियो ।

अरु बैठक नियमित हुने र सीमासम्बन्धी बैठक बस्न नसक्नुको कारण भारतीय अरुचि नै भएको कूटनीतिक जानकारहरू बताउँछन्। नेपाल र भारतबीचमा कालापानी र सुस्तामा ठूलो विवाद छ । तीबाहेक झन्डै ६० देखि ८३ स्थानमा साना र प्राविधिक समस्या छन् । सन् २०१४ मा कालापानी र सुस्ताको विषयमा दुई देशका परराष्ट्र सचिवहरूले वार्ता गर्ने र बाँकी विषयलाई बीडब्लुजीमार्फत स्थलगत रुपमा अध्ययन गर्दै टुंगो लगाउने सहमति भएको थियो । त्यस्तै बीडब्लुजीले निर्देशन दिने प्राविधिक समितिले समस्या समाधान गर्दै जाने सहमति भएको थियो ।

नापी विभागको तथ्यांकअनुसार नेपाल र भारतको सीमा क्षेत्रमा आठ हजार ५ सय ५४ पिलर छन् । जसमध्ये एक हजार ३२५ पिलर हराएका छन् र झन्डै दुई हजार पिलर पूर्णरुपमा बिग्रिएका वा ध्वस्त भएका छन् । नेपालको २७ जिल्लाले छुने दुई देशबीचको १८ हजार ८८० मिटर लामो सीमा क्षेत्रका विभिन्न स्थानमा ४ हजारभन्दा बढी नयाँ पिलर राख्नुपर्नेछ ।

नेपाल र भारतबीच सन् १९८१ मा सुरु भई २००७ सम्म सीमा व्यवस्थापनको काम निरन्तर भए पनि उल्लेख्य उपलब्धि हुन सकेको छैन । सन् २००७ देखि २०१४ सम्म त सीमा व्यवस्थापनको काम ठप्प नै रह्यो । सीमा क्षेत्रमा प्राविधिक पठाउन बजेट अभाव, वर्षातमा कर्मचारी फिल्डमा जान नसक्ने र कर्मचारीको सरुवा भइरहने लगायत कारण काम प्रभावित भएको सरकारी अधिकारीहरू बताउँछन् ।

बीडब्लुजीलाई प्राविधिक मात्र होइन, कालापानी र सुस्ताको विवाद समाधान गर्ने सम्बन्धमा परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई प्राविधिक सहयोग र सुझाव दिने अधिकार समेत छ । कालापानी र सुस्ताकै विषयमा वार्ता गर्न सन् २०१४ मा परराष्ट्र सचिव तहमा एउटा संयन्त्र बनेको थियो । सो संयन्त्रको बैठक अहिलेसम्म बस्न सकेको छैन । गत डिसेम्बरमा भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगलाको नेपाल भ्रमणको क्रममा सो संयन्त्रको बैठक बस्नेबारे छलफल भएको थियो । तर त्यसपछि कुनै प्रगति भएन । सो बैठकमा नेपालले कालापानी क्षेत्रको सीमा विवाद र नयाँ नक्साका विषयमा वार्ता प्रस्ताव गरेको थियो । तर भारतीय पक्षले त्यसलाई एजेन्डामै समावेश गराउन चाहेन । अहिलेको गठबन्धन सरकारले साझा न्यूनतम कार्यक्रममा कूतनीतिक माध्यमले यो विषयलाई हल गर्ने उल्लेख गरेको छ ।

## साइबर...

नेताहरूको ठूलो भरोसा थियो । आज माधव नेपाल निरीह सावित बन्न पुगेका छन् । माधवलाई उक्साउनेहरू नै केपी क्याम्पमा फोटोसेसन गर्न अग्रपंक्तिमा उभिएपछि एमालेको मध्यपन्थको अवसरवादी चरित्र छताछुल्ल बन्न पुगेको छ ।

एमालेको विकल्प प्रस्तुत गर्न दस्तावेज लेखन सम्पादन गर्ने र मिडियाहरूमा लामो समयसम्म बहसपैरवी गर्दै आउनेहरू रातारात कुलेलम ठोकेपछि माधवलाई निकै ठूलो हम्मे हम्मे परेको थियो । देउवाले दिएको बीस प्रतिशतको सुविधा समेत उपयोग गर्न नसकिने हो कि भन्ने त्रासका बीच नेताहरू जोगाउन उनी चन्द्रागिरी रिसोर्टमा बास बस्न पुगे । ओलीको दम्भ, गैरसंवैधानिक हर्कत र एक्लै हिँड्ने चरित्रबाट वाक्क, दिक्क र अपमानित भएका नेपालले पार्टीभित्र अटाउने अवस्था नरहेको विशलेषणलाई अन्तिम निष्कर्षमा परिणत गर्दै अन्ततोगत्वा नयाँ दल बनाउन सफल भए ।

मुख्यमन्त्रीको ललिपपमा मुछिएकी अष्टलक्ष्मी र भीम आचार्यको चर्चा अहिले नयाँ पार्टीभित्र राम्रै ढंगले चल्न थालेको छ । डोरमणिले रातारात सिट खाली गरेपछि मुख्यमन्त्री बन्न पुगेकी अष्टलक्ष्मी अहिले पनि मसिनो श्वरमा म माधव कमरेडलाई छोड्न सक्दिन, उहाँलाई सोधेरै मुख्यमन्त्री बनेकी हुँ भन्दै छन् भने शेरधन राईले आचार्यका लागि त्यागपत्र दिइ ठाउँ खाली गरिसकेका छन् ।

अष्टलक्ष्मी र भीम आचार्यका लागि माधव कमरेडले ओलीसँग लामै लडाइँ लडेका थिए । तर अहिले यिनीहरू पनि ओलीतर्फ ढल्किएर गुनले गुन खान्छ तँलाई म खान्छुको उखान चरितार्थ पारिदिएका छन् ।

एमालेको पहिलो विभाजन सम्झनेहरू यसपल्टको विभाजनले पनि एमालेलाई ठूलो झट्का लाग्ने विश्लेषण गरिरहेका छन् । हुन त केपी समूहका कमरेडहरू यसलाई फुटेको भन्दा पनि चोइटिएको भन्न रुचाउँछन् । फुटेको चोइटेको जे भए पनि यसले पुऱ्याउन सक्ने क्षति गम्भीर हुन सक्ने आँकलन गर्न थालिएको छ ।

## जिल्ला...

क्रियाशीलहरूको सूची तत्काल सार्वजनिक गर्नुपर्छ, गल्ती भएको ठाउँमा हामीले सच्याउन पाउनुपर्छ । ६ फागुनमा बसेको केन्द्रीय समिति बैठकले रमेश लेखकको संयोजकत्वमा क्रियाशील छानबिन समिति गठन गरेको थियो । केन्द्रीय सदस्य लेखक सभापति शेरबहादुर देउवा निकट मानिन्छन् । समितिमा पौडेल समूहबाट जीवन परियार, कल्याण गुरुङको सहभागिता थियो । सिटौला समूहबाट प्रदीप पौडल थिए । समितिले प्रतिवेदन पनि बुझाइसकेको छ । समितिले सदस्यता सम्बन्धी ९८ प्रतिशत काम सकेर प्रतिवेदन बुझाएको भनिएको छ ।

बाँकी विवाद समाधान गर्न ३० साउनमा बसेको केन्द्रीय कार्यसमिति बैठकले पूर्व महामन्त्री कृष्ण सिटौलाको संयोजकत्वमा तीन सदस्यीय समिति बनायो । जसमा पौडेल समूहबाट डा.मिनेन्द्र रिजाल र संस्थापन पक्षबाट रमेश लेखक सदस्य छन् । यो समितिले पनि प्रतिवेदन बुझाइसकेको छ । तर पार्टीमा विवाद मिलेको छैन । रिले अनसनमा बसेकाहरूले अहिलेसम्म भएको उपलब्धि सार्वजनिक गर्न माग गरेका छन् । विधान मिचेर छानबिन समितिले प्रतिवेदन भद्रगोल भएको र त्यसले समस्या पाएको अनशनरतहरूले बताएका छन् । देउवा समूहले भने विशेष महाधिवेशन गर्न नपाएको तष पोखेको आरोप लगाएको छ ।

## संगठन...

लामिछाने हुनुहुन्थ्यो । यसैबीच (नेकपा) माले जिल्ला कमिटी अन्तर्गतको महानगर स्तरीय कार्यकर्ता भेला सम्पन्न भएको छ । सोही भेलाले रमेशकान्त रूवालीको सयोजकत्वमा २९ सदस्यीय कमिटी गठन गरेको छ । उक्त कमिटीमा हाल १९ सदस्य रहेका छन् भने बाँकी मनोनित गरी २९ सदस्य पुऱ्याउने सयोजक रूवालीले जानकारी गराउनुभयो ।

उक्त कमिटीका सदस्यहरूमा उमाकान्त न्यौपाने, टोपबहादुर राना, उद्धव अभियाल, सम्झना पौडेल, इन्दिरा घिमिरे, भक्तिप्रसाद लिम्बु, रमेश आचार्य, लोकबहादुर बुढाथोकी, मणि रेग्मी, सोम थिङ्ग, नरजंग तमाङ, बलराम दर्लामी मगर, पर्शुराम घिमिरे, विनोद क्षेत्री, लहे कुमाल, साने थिङ्ग सदस्य रहेका छन् ।

सचिवालयमा ५ सदस्य गठन गरिएको छ । सचिवालय सदस्यमा रमेश रूवाली, सम्झना पौडेल, रमेश आचार्य, उद्धव अर्याल, उमानाथ न्यौपाने रहेका छन् । कार्तिक २७, २८, २९ गते चितवनमा हुन गइरहेको राष्ट्रिय महाधिवेशनलाई साथ सहयोग सफलताको लागि महानगरको सबै वडामा महाधिवेशन अगावै पार्टी वडा भेला गरी सक्ने पार्टी सचिव श्रीकृण्ण गौतमले जानकारी गराउनुभयो । उक्त भेलाको सञ्चालन तथा प्रशिक्षण केन्द्रीय सदस्य तथा जिल्ला सचिव श्रीकृष्ण गौतमले गर्नुभएको थियो ।

त्यसैगरी नेकपा (माले) रुपन्देहीको सम्पन्न भेलाले रघुनाथ अर्याललाई सचिवमा चयन गरी १३ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ ।

## नेपालले...

सदस्य बनेयता त्यहाँ रहेका आतंककारी समूहको गतिविधिबारे छलफल भएको छैन ।

तर नयाँ सरकार बनाउने तयारीमा रहेको तालिबानको सार्कप्रतिको धारणा के हुन्छ भन्ने यकिन छैन । यदि तालिबानले सार्कलाई असहयोग गऱ्यो भने सार्कले कुनै पनि भूमिका खेल्न सक्दैन । त्यसैले सार्कप्रति तालिबानको धारणा स्पष्ट नभएसम्म उसले ठोस कदम चाल्न नसक्ने विश्लेषकहरू बताउँछन् ।

अफगानिस्तान मामिलामा नेपालले कुनै छलफलको पहल गरेमा भारत, पाकिस्तान लगायत मुलुक त्यसका लागि तयार हुन्छन् भन्नेमा पनि आशंका रहेको छ । नेपालको पहललाई उनीहरूले कति गम्भीर रुपमा लिन्छन् र इन्टरटेन गर्छन् भन्ने पनि यकिन छैन । एक कूटनीतिज्ञका अनुसार यस्तो अवस्थामा भारत पाकिस्तान सँगै बसेर सार्क संयन्त्रमा अफगानिस्तानको बारेमा छलफल गर्न तयार हुने अवस्था छैन । नेपालले संवादको पहल गरेमा ती मुलुकहरूले कस्तो रेस्पोन्स गर्छन् भन्ने पनि यकिन छैन । तत्कालै ठोस कदम चाल्ने अवस्था नभएमा कम्तीमा दक्षिण एशियाली मुलुकमा रहेका नेपाली दूतावासले यस विषयमा सम्बन्धित मुलुकको धारणा बुझ्न सक्ने कूटनीतिज्ञहरूको भनाइ छ ।

पूर्व परराष्ट्र सचिव मधुरमण आचार्य भने सार्कले भूमिका खेल्न सक्नेमा त्यति विश्वस्त छैनन् । मंगलबार उनले आफ्नो ट्वीटमा प्रश्न गरेका छन्, 'नेटोले नसकेको सार्कले, त्यो पनि मरणासन्नले के पार लगाउला खै । अफगानिस्तानमा स्थायित्व ल्याउन सार्कले भूमिका खेल्नुपर्छ भनेर पूर्व राजदूत महोदयहरूको वक्तव्य देखेपछि मनमा आएको कुरा ।'

तत्कालै कुनै भूमिका खेल्न नसके पनि सार्कलाई भिजिवल बनाउने विषयमा नेपालले अन्य मुलुकसँग परामर्श गर्न सक्ने कूटनीतिज्ञहरू बताउँछन् । एक पूर्व राजदूत भन्छन्, 'भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका लगायत मुलुकमा रहेका हाम्रा दूतावासहरूले नेपालले कुनै पहल गरेमा उनीहरूको सहयोग रहन्छ वा रहँदैन भन्ने विषयमा धारणा बुझेर नेपाल सरकारलाई जानकारी गराउन सक्छन् । तर त्यसो पनि भएको पाइँदैन ।'

ती कूटनीतिज्ञका अनुसार यस विषयमा नेपालले लिनसक्ने पहलका सम्बन्धमा उनीहरूले अनौपचारिक रुपमा परामर्श गर्न सक्छन् र सकारात्मक संकेत आएमा अगाडि पनि बढ्न सकिन्छ । यतिवेला सार्कलाई अगाडि बढाउने विषयमा भारत नै सकारात्मक नभएका कारण यसले गति नलिने धेरैको बुझाइ छ ।

तर पूर्व राजदूत एवं कूटनीतिज्ञ दिनेश भट्टराई सार्कले कुनै भूमिका खेल्नै सक्दैन भनेर पूर्ण रूपमा इन्कार गर्न नसकिने बताउँछन् । उनले भने, 'हामीकहाँ सार्क छ, यसले के भूमिका खेल्न सकिन्छ भन्ने विषयमा बहस चलाउन सकिन्छ । सार्कले के भूमिका खेल्न सक्छ भनेर केही एक्सप्लोर गर्न सकिन्छ । कुनै समय यस्तो थियो सार्कको अध्यक्षले सार्क मुलुकको भ्रमण गर्ने गर्दथ्यो । हामीले गर्न सकिने विषयमा उनीहरूको धारणा के छ भनी कूटनीतिक रूपमा बुझ्न सक्छौं ।'

अफगानिस्तानमा आगामी दिनमा द्वन्द्व बढ्दै गएमा त्यहाँ मानवीय संकट उत्पन्न हुन सक्छ । यस्तो अवस्थाका लागि सार्कले आफूलाई तयारी अवस्थामा राख्नुपर्ने विज्ञहरूको धारणा छ । अहिले नै अफगानिस्तानका कतिपय स्थानमा खाद्य संकट भएका खबरहरू पनि आइरहेका छन् । पूर्व राजदूत डा. दिनेश भट्टराई सन् २००७ मा स्थापना गरेको सार्क खाद्य सुरक्षा बैंकलाई सक्रिय बनाएर अफगानिस्तानमा आउन सक्ने समस्यालाई टार्न सकिने सुझाव दिन्छन् ।

'सार्क अध्यक्षको हिसाबले खाद्य सुरक्षा बैंकलाई सक्रिय बनाउन नेपालले केही भूमिका खेल्न सक्छ भने त्यसलाई हेर्नुपर्छ र अफगानिस्तानमा मानवीय संकट हुँदा त्यसलाई सम्बोधन गर्न सबै मुलुक तयार हुन्छन् भन्ने मलाई लाग्छ' भट्टराईले भने, 'हामीले सार्कको तर्फबाट खाद्यान्न पठाउँदा सार्क भिजिवल हुन्छ । यो गर्न सकिन्छ कि भन्ने मलाई लागेको हो ।'